# सञ्चारमाध्यमलाई समावेशीकरण गर्ने

सम्बन्धी

उच्चस्तरीय आयोग-२०६९ को

।

॥

।

# प्रतिवेदन

॥।

## सञ्चार माध्यमहरुलाई समाबेशीकरण गर्ने सम्बन्धी

## उच्चस्तरीय आयोग २०६९ का

## संयोजक तथा सदस्यहरु

१. संयोजक श्री सुशील कुमार ओझा, सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय

२. सदस्य श्री मोहनकुमार सिंह, अध्यक्ष, मधेशी पत्रकार समाज नेपाल

३. सदस्य श्री बि.पि. साह, पत्रकार

४.सदस्य श्री राजेश अहिराज, अध्यक्ष, मधेश मिडिया हाउस

५. सदस्य श्री वीरेन्द्र के. एम. सम्पादक, न्युज अपरेशन

६. सदस्य श्री मनोज यादव, पत्रकार

७. सदस्य श्री अमरेन्द्र यादव, पत्रकार

८. सदस्य श्री रेम विश्वकर्मा, पत्रकार

९. सदस्य श्री राजकुमार पासवान पत्रकार

१०.सदस्य श्री यशोदा अधिकारी,कार्यकारी सदस्य, संचारिका समूह

११. सदस्य श्री शुभेच्छा विन्दु तुलाधर, अध्यक्ष, वर्किङ वोमेन जर्नलिष्ट

१२. सदस्य श्री प्रकाशचन्द्र परियार, प्रतिनिधि, नेपाल पत्रकार महासंघ

१३. सदस्य श्री धर्मेन्द्र कर्ण, प्रतिनिधि, नेपाल पत्रकार महासंघ

१४. सदस्य श्री मोहनसिंह लामा, अध्यक्ष, नेपाल आदिवासी जनजाति पत्रकार संघ

१५. सदस्य श्री निमेष कर्ण, प्रतिनिधि, सामुदायिक रेडियो प्रसारक संघ नेपाल (एकोर्याव)

१६. सदस्य श्री नवराज अर्याल,प्रतिनिधि, ब्रोडकाष्ट्रिङ्ग एशोसिएशन अफ नेपाल (बान)

१७. सदस्य श्री यज्ञमूर्ति भण्डारी, प्रतिनिधि, अर्थ मन्त्रालय

१८. सदस्य श्री आलोक तिवारी

१९. सदस्य सचिव श्री यदु प्रसाद पन्थी, उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय

## प्राक्कथन

नेपाल विश्वको एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विकासोन्मुख राष्ट्र हो । राष्ट्रिय जनगणना २०६८ को तथ्यांक अनुसार नेपालको जनसंख्या २,६४,९४,५०४ पुगेको छ । यसभित्र रहेका १२५ जातजातिहरुले १२३ मातृभाषाहरुको प्रयोग गर्दछन् । वि.सं. २०१३ सालदेखि योजनाबद्ध विकासका प्रयासहरु चालिए पनि महिला, मधेसी, मुस्लिम, आदिवासी जनजाति, दलित, अपांग, पिछडिएको क्षेत्र र समुदायलाई अझै विकासको मूलप्रवाहमा ल्याई समतामूलक समावेशीकरण गर्न नसकिएकोले अपेक्षित प्रगति हासिल गर्न सकिएको छैन । नेपालको अन्तरिम संविधान २०६३ का निर्देशक सिद्धान्तहरु र नीतिगत प्रावधानहरुलाई आत्मसात् गर्दै देशका सबै नागरिकहरुलाई समानुपातिकरुपमा अर्थपूर्ण सहभागितामूलक समावेशीकरण गरी राष्ट्रको स्रोत र साधनलाई उच्चतम सदुपयोग गरी समानुपातिक रुपले प्रतिफल वितरण गर्नु आजको आवश्यकता भएको छ । साथै, नेपाली समाजमा रहेको भूराजनीतिक अवस्था, क्षेत्रीय, वर्गीय, जातीय एवं सामाजिक विभेदलाई निर्मूल गरी समता एवं समानतायुक्त समाजको माध्यमबाट समुन्नत राष्ट्र निर्माण गर्न आजसम्म वञ्चितीकरणमा परेका लिंग, वर्ग र समुदायको विशिष्ट पहिचान र सम्मानलाई प्रतिस्थापन गर्ने पद्धति बसाउनु अनिवार्य भएको छ ।

सन् १९९५ मा कोपनहेगनमा सम्पन्न सामाजिक विकासकालागि विश्वशिखर सम्मेलन (WSSD)ले समता र सामाजिक न्यायलाई विकासको Object स्वीकारेपछि राष्ट्र निर्माणमा सामाजिक समावेशीकरणको प्रयोग हुन थालेको हो । विश्वबैंकले समावेशीकरणलाई संस्थागत व्यवधानहरुको उन्मूलन कर्ता र विकासका अवसरहरुमा विविध व्यक्ति र समुदायको पहुँच बढाई Incentive वृद्धि गर्ने भनी परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यसलाई देशका सबै भाषा, लिंग विशेषगरी महिला, जातजाति विशेषगरी दलित र आदिवासी जनजाति, पिछडिएको वर्ग, मधेसी, मुस्लिम र अपांग तथा पिछडिएको क्षेत्र कर्णाली समेत दुर्गम क्षेत्रका सबै समुदायका जनतालाई विकासका सबै चरणहरु, साधन र स्रोतको न्यायोचित बाँडफाँड, परिचालन, उपयोग र उपभोग एवं प्रतिफलको समानुपातिक वितरणमा अर्थपूर्ण सहभागी गराई विकासको मूलप्रवाहमा समेट्नु समावेशीकरण हुन सक्दछ ।

नेपालमा राजनीतिक, भौगोलिक, लैंगिक, जातीय, पछाडि पारिएका / परेका वर्ग क्षेत्र र समुदाय (मधेसी, मुस्लिम, आदिवासी जनजाति, दलित समुदाय) आदि जस्ता विभिन्न कारणहरुले राष्ट्रको मूलधारबाट बाहिरिएको जनसंख्यालाई मान्यता, पहिचान र अवसरसहितको समावेशीकरण गर्नकालागि विभिन्न समयमा क्रान्ति, आन्दोलन र विरोध हुँदै नेपाल हालको लोकतान्त्रिक गणतन्त्रको परिवेशमा पुगेको छ ।

यसै परिप्रेक्ष्यमा देशका सञ्चारमाध्यमहरुलाई समानुपातिक र समावेशी बनाउनु पर्ने एवं तिनीहरुले आफ्ना समाचार तथा कार्यक्रमहरुमा मधेशका मुद्दाहरुलाई उचित स्थान दिनुपर्ने सम्बन्धी विभिन्न माग राखी विशेष गरी मधेससँग सम्बद्ध सञ्चार क्षेत्रका विभिन्न संघ संस्थाहरुले नेपाल सरकार समक्ष प्रस्तुत गरेका मागपत्रमा उठाइएका समस्याको पहिचान गरी समाधानको निमित्त गर्नुपर्ने सुधारबारे प्रतिवेदन पेश गर्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६९।५।२८ को निर्णयानुसार सञ्चार माध्यमहरुलाई समावेशीकरण गर्ने सम्वन्धी उच्चस्तरीय आयोगको गठन तथा कार्यक्षेत्रगत शर्तहरु स्वीकृत गरी यस **सञ्चार माध्यमहरुलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग**को गठन गरेको अवस्था छ ।

तात्कालीन विविध कारणहरुवश यस आयोगले मिति २०६९।८।१४ देखिमात्र कार्य प्रारम्भ गरेको छ । सञ्चार क्षेत्रको विविधता र आयोगको संरचनाभित्रका सदस्यहरुको स्थलगत कार्यक्षेत्रको दूरता जस्ता व्यवहारतः आइपर्ने कठिनाइहरुको सामना गर्दै आयोगले प्रस्तुत प्रतिवेदन तयार गर्ने क्रममा देहायको प्रक्रिया एवं कार्यविधि अपनाएको छ :-

- आयोगका बैठकहरु बसी सदस्यहरुबीच आन्तरिक छलफल र विमर्श गर्ने ।
- सञ्चार क्षेत्रका छापा र विद्युतीय माध्यमहरु तथा सबद्ध संस्थाहरुको अध्ययन गर्न आयोगका सदस्यहरुमात्र रहेका ३ वटा उपसमितिहरुको निर्माण गर्ने ।
- छापा तथा विद्युतीय सञ्चार माध्यमहरु र संबद्ध संस्थाहरुसम्बन्धी प्रश्नावली बनाई स्थलगत रुपमा तत्तत् निकायहरुमा पुगी भर्ने र भर्न लगाउने ।
- प्रश्नावलीका सन्दर्भमा सञ्चारमाध्यमहरु र संस्थाहरुबाट प्राप्त सूचना, जानकारी एवं तथ्यांकका आधारमा छलफल र सुझावका लागि आधारपत्र तयार गर्ने ।
- आयोगको बैठकमा सञ्चारक्षेत्रका अनुभवी, विज्ञ र विशेषज्ञहरुलाई आमन्त्रण गरी राय सल्लाह र सुझाव लिने ।
- देशका विभिन्न ४ वटा क्षेत्रहरुमा सुझाव संकलन गोष्ठी गरी मोफसलका सञ्चार कर्मीहरुका सुझावहरु संकलन गर्ने ।
- विविध स्थान, क्षेत्र, विज्ञ तथा विशेषज्ञहरुबाट प्राप्त राय, सल्लाह, सुझाव तथा गुनासाहरुलाई एकीकृत गरी अध्ययन, विश्लेषण गर्ने ।
- विशेषज्ञहरुबाट परामर्श सेवा लिने ।

यसका साथै आयोगले समय समयमा सूचना तथा सञ्चार मन्त्रालयका माननीय मन्त्री र सचिव समक्ष कार्य प्रगति बारे जानकारी गराई सल्लाह लिने कार्य गरेको छ । आयोगले माथि उल्लिखित प्रक्रिया तथा कार्यविधि अनुरुप सक्रिय रुपमा कार्य सम्पादनमा निरन्तरता दिइरहँदा पनि विषयको गाम्भीर्य र विकीर्णताको सापेक्षता लगायतका

विविधतायुक्त कारणहरुबाट आयोगको कार्य सम्पन्न गर्न पूर्व अनुमानित समय अपुग भई कार्यावधि समेत थप गरी सुझाव तथा सिफारिशहरु सहित यो प्रतिवेदन तयार भएको छ ।

सम्पूर्णतामा समावेशीकरण, बहुलतामा समावेशीकरण र आंशिकतामा समावेशीकरण यी समावेशीकरणका विविध स्वरुप हुन सक्छन् । समय र परिस्थितिको सापेक्षतामा मात्र उक्त स्वरुपहरुको प्रयोग र कार्यान्वयनको श्रृंखला अगाडि बढ्दछ । नेपाल जस्तो जातीय बहुलता, भाषिक बहुलता, धार्मिक बहुलता, विविध परम्परामूलक बहुलता र सांस्कृतिक बहुलताहरु भएको राष्ट्रमा सम्पूर्णतामा समावेशीकरण हुन अत्यन्त गाह्रो छ । सञ्चारमा समावेशीकरण विषयको गाम्भीर्य, देशको भौगोलिक विषमता, सञ्चार क्षेत्रमा हुने लगानीको परिमाण, पछाडि परेको वर्ग र समुदायका इच्छा, आकांक्षा र चाहनाहरु, सञ्चारमाध्यमहरुको आर्थिक क्षमता आदि विभिन्न कारणहरु र आयोगलाई नेपाल सरकारबाट प्राप्त कार्य विवरण (Torms of Reference) को आयाम तथा आयोगका सदस्यहरुलाई दिइने सुविधाको परिमाण (बैठक भत्ता मात्र) समेतका आधारमा निश्चित समयावधि भित्र  तयार गरिएको यस प्रतिवेदनले धेरै कुरा समेट्न बाँकी रहेको छ । विभिन्न तह र क्षेत्रबाट प्राप्त राय, सल्लाह र सुझावहरु अनुरुप यसमा गरिएका सिफारिशहरुले यस क्षेत्रको पूर्णता र समग्रतालाई समेटिसकेका छैनन् । समयको क्रमसँगै त्यस्ता विषय र क्षेत्रहरुलाई समेट्दै निरन्तर अध्ययन, अनुसन्धान र विश्लेषण गर्दै कार्यान्वयनमा जानु उपयुक्त हुन्छ । तसर्थ आयोगको निश्चित संरचनात्मक एवं संगठनात्मक सीमा र समयावधि तथा स्रोतको सापेक्षतामा तयार भई यस रुपमा आएको यस प्रतिवेदनमा उल्लिखित सिफारिस एवं सुझावहरुलाई क्रमशः कार्यान्वयन गर्दै जाने र समयक्रममा देखापर्ने विषय वस्तुहरुलाई तत्तत् समयमा निक्कर्योल गरी कार्यान्वयन गर्नु सान्दर्भिक हुने छ भन्ने कुरामा आयोग विश्वस्त छ ।

अन्तमा, सञ्चारमा समावेशीकरण जस्तो अत्यन्त गहन विषयमा सिफारिस प्रतिवेदन पेश गर्न आयोगको गठन गरी जिम्मेवारी दिने नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय प्रति आभार व्यक्त गर्दछु । आयोगको कार्यसम्पादनमा खट्नुहुने सबै सदस्यहरु, राय, सुझाव, सल्लाह दिनुहुने सबै विज्ञ र विशेषज्ञहरु, सहयोगी कर्मचारीहरु प्रति धन्यवाद ज्ञापन गर्दै आयोगको तर्फबाट प्रस्तुत प्रतिवेदन नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय समक्ष पेश गरेको छु ।

सुशीलकुमार ओझा
संयोजक
सञ्चार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग-२०६९

फागुन, २०६९

# विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| | **खण्ड १** | |
| **१.** | **पृष्ठभूमि** | **१-६** |
| १.१ | नेपालमा समावेशीकरणको अवस्था | १ |
| १.२ | संचारमाध्यममा समावेशीकरण | २ |
| १.३ | संचारमाध्यममा समावेशीकरण किन ? | ४ |
| १.४ | समावेशीकरणतर्फ नेपाली संचारमाध्यम | ५ |
| | **खण्ड २** | |
| **२.** | **प्रारम्भिक** | **७-९** |
| २.१ | संचारमाध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोगको गठन | ७ |
| २.२ | आयोगको कार्यक्षेत्र | ७ |
| २.३ | आयोगको समयावधि | ८ |
| २.४ | आयोगको कार्यविधि | ८ |

## खण्ड ३


३. **संचार माध्यममा समावेशीकरणका लागि सिफारिशहरु** १०-१७

३.१ राष्ट्रियस्तरको सञ्चार माध्यमका रूपमा मान्यता प्राप्त गर्नका लागि पूरा गर्नुपर्ने मापदण्ड सम्बन्धी

३.२ सञ्चार माध्यमलाई वितरण गरिने सरकारी अनुदान प्राप्त गर्नका लागि पूरा गर्नुपर्ने समावेशी मापदण्डहरू र अनुगमनका प्रक्रिया सम्बन्धी

३.३ सरकारी सञ्चार माध्यमका विषयवस्तु र सम्प्रेषणलाई थप समावेशी बनाउनका लागि चालिनुपर्ने कदम सम्बन्धी

३.४ सरकारी सञ्चार माध्यमका व्यवस्थापकीय नेतृत्वलाई थप समावेशी बनाउनका लागि चालिनुपर्ने कदम सम्बन्धी

३.५ निजी सञ्चार माध्यमका सामग्री तथा जनशक्ति व्यवस्थापनलाई थप समावेशी बनाउन चालिनुपर्ने कदम सम्बन्धी

३.६ पत्रकारिता क्षेत्रलाई थप समावेशी बनाउन प्रेस काउन्सिलले निर्वाह गर्नुपर्ने भूमिका सम्बन्धी

३.७ सञ्चारकर्मीको दक्षता अभिवृद्धि गर्न राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठानको स्थापना सम्बन्धी प्रक्रियाहरू, त्यसको साङ्गठनिक तथा व्यवस्थापकीय संरचना सम्बन्धी

३.८ सञ्चार माध्यमको वर्गीकरण, नवीकरण र समावेशीकरणका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था सम्बन्धी

३.९ सञ्चार माध्यमको समावेशीकरणका लागि प्रचलित कानुन, नीति तथा व्यवहारमा गरिनुपर्ने सुधार तथा परिमार्जन सम्बन्धी

३.१० एफएम रेडियाहरुलाई ITU मा दर्ता वा आबद्ध गर्ने औचित्य र विधि सम्बन्धी

३.११ आयोगको प्रतिबेदन कार्यान्व्यन गर्न जिम्मेवार निकाय, सो को विधि तथा समयावधि सम्बन्धी


## खण्ड ४


४. **निष्कर्ष तथा सुझावहरु** १८-१९

अनुसूचीहरु २०-२८

**अनुसूची** १. प्रारम्भिक मस्यौदा अवधारणा माथि गरिएको छलफलमा सहभागी संचारक्षेत्रका विज्ञहरू, बरिष्ठ पत्रकारहरू र सम्पादकहरू ।

**अनुसूची** २. अध्ययनमा सहभागी छापा तथा विद्युतीय संचार माध्यम र संघसंस्थाहरू ।

**अनुसूची** ३. सुझाब संकलनका क्रममा आयोजित चारवटा क्षेत्रीय गोष्ठीका सहभागीहरु :-

अनुसूची ३. खण्ड क. २०६९ माघ २१ गते इटहरीमा आयोजित गोष्ठीका सहभागीहरू

अनुसूची ३. खण्ड ख. २०६९ माघ २० गते जनकपुरमा आयोजित गोष्ठीका सहभागीहरू

अनुसूची ३. खण्ड ग. २०६९ माघ २० गते नेपालगन्जमा आयोजित गोष्ठीका सहभागीहरू

अनुसूची ३. खण्ड घ. २०६९ फागुन २ गते काठमाडौंमा आयोजित गोष्ठीका सहभागीहरू

**अनुसूची** ४. सूचना तथा सञ्चार मन्त्रालय र मधेशसंग सम्वन्धित सञ्चार क्षेत्रका विभिन्न संघ संस्थाहरु बीच भएको सहमति ।

# सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग २०६९ को

## <u>प्रतिवेदन</u>

## खण्ड १

### १. पृष्ठभूमिः

### १.१. नेपालमा समावेशीकरणको अवस्था

नेपाली समाज विकासको प्रारम्भिक कालदेखि नै बहुधार्मिक तथा बहुसांस्कृतिक रहँदै आएको भए पनि राज्य सञ्चालन कार्यमा पूर्ण समावेशी तथा समानुपातिक सहभागिताको अनुभव नेपाली जनताले विरलै गर्न पाएका छन् । राज्य निर्माणको कालदेखि नै नेपालको राजनैतिक नेतृत्व हिन्दू परम्परा अनुसार राजाबाट हुँदै आएका कारण उनले विश्वास गरेका वा उनका नजिकका वर्ग वा समुदाय उपशासकका रूपमा रहने र अन्य शासित तथा सीमान्तीकृत अवस्थामा रहने परम्पराबाट नेपाली समाज हुर्कंदै आएको छ । एकातिर नेपालमा गहिरोसँग गाडिएको पितृसत्तात्मक सामाजिक संरचनाका कारण महिलाहरू लैङ्गिक विभेदको शिकार बन्दै आए भने शासक वर्गको धर्म, भाषा, संस्कृतिभन्दा भिन्नै धर्म, भाषा तथा संस्कृति पनि विभेदको पीडामा पिल्सिँदै आए । जातीय भेदभाव र छुवाछुतको कुसंस्कार न्यायमुलक समाजको लागि अर्को विडम्बना बन्दै आएको छ ।

शिक्षाको विकास, अन्तरराष्ट्रिय समुदायसँगको संसर्ग तथा राजनैतिक चेतनामा आएको अभिवृद्धिको प्रभावस्वरूप नेपाललाई आफ्नो घरका रूपमा आत्मसात् गर्दै आएका विभिन्न भाषा, जाति, धर्म तथा लिङ्गका नेपालीहरू आफ्ना जातीय, धार्मिक, भाषिक तथा लैङ्गिक अधिकारप्रति क्रमशः सचेत हुँदै आए र राज्य संयन्त्रमा समानुपातिक पहुँचका लागि समाजका विभिन्न कुनाबाट सीमान्तीकृत तथा पछाडि परिएका समुदायको आवाज घन्किन थाले । राणाकालसम्म चकमन्न अँध्यारोभित्र छोपिएको राजनैतिक चेतनालाई सात सालको क्रान्तिको ज्योतिले उज्यालोमा ल्याएपछि नेपाली जनताले राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, लैङ्गिक तथा सांस्कृतिक अधिकारका लागि अनवरत रूपमा सञ्चालन गर्न थालेको सङ्घर्षको एक अभिन्न अङ्गका रूपमा समावेशीकरणका लागि प्रयास पनि जोडिएको छ ।

वि.सं. २००७ को क्रान्तिले जनतालाई राजनैतिक समावेशीकरणमा समेट्ने अभीष्ट राखेको भए पनि वि.सं. २०१७ मा भएको राजनैतिक परिवर्तनले बहुसङ्ख्यक जातिलाई वहिष्करणमा पार्ने पुरानै परम्परालाई निरन्तरता दिन थाल्यो । 'एक भाषा एक भेष'को राष्ट्रिय नाराका साथ राज्यले अङ्गीकार गरेको असमावेशी नीतिबाट नेपालको बहुसङ्ख्यक जाति, भाषा, संस्कृति वहिष्करणमा परे । यस विभेदलाई सम्बोधन गर्न राज्यले चासो नदेखाएका कारण उत्पन्न परिणामप्रति सङ्केत गर्दै नेपालसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय मानव विकास प्रतिवेदनमा उल्लेख गरिएको छ "यी सबै वर्गीकरण तथा विभेदहरू नेपाललाई हिन्दू अधिराज्य र नेपाली वा खस भाषालाई एक मात्र सरकारी कामकाजको भाषा घोषणा गर्ने सरकारी नीति खासगरी सन् १९६० को निर्दलीय राजनैतिक प्रणालीद्वारा सुदृढ पारिएका हुन् । यस

सँगसँगै यसले नेपालको बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक चरित्रलाई बेवास्ता गऱ्यो र खस भाषिक तथा सांस्कृतिक अतिराष्ट्रवादको सिर्जना गऱ्यो र यो नीति सन् १९९० मा लोकतन्त्रको पुनःबहालीपछि पनि कायमै रह्यो ।"[१] नेपालमा विद्यमान असमावेशीकरणको विश्लेषण गर्दै संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले उल्लेख गरेको छ "नेपालमा विभेदीकरणको आधार व्यापक छ र यसमा असमावेशीकरण एक प्रबल आधार हो । …… असमावेशीकरणको यसप्रक्रियाले विभिन्न जात, धर्म र लिङ्गका सबै जनसमुदायलाई विकासको मूलप्रवाहमा समावेश हुनमा अवरोध सिर्जना गरेको छ ।"[२]

नेपालको राज्य संरचनामा एकल जातीय वर्चस्वका कारण बहु जातिका भाषा तथा संस्कृति सीमान्तीकृत हुनपुगे र समाजको यो असमावेशी चरित्र नेपालले २०५२ सालदेखि एक दशकसम्म भोग्नुपरेको सशस्त्र द्वन्द्वका कतिपय कारणमध्ये एउटा बनेको थियो । यसका अतिरिक्त यही जातीय एवं भाषिक विभेदका कारण मधेश विद्रोह तथा आदिवासी/जनजाति आन्दोलन जस्ता घटना पनि नेपाली इतिहासको एक अङ्गका रूपमा देखापरे । २०४७ सालमा देशका सबै भाषालाई राष्ट्रिय भाषाको मान्यता प्रदान गरिएको भए पनि काठमाडौं महानगरपालिकामा नेपाल भाषा तथा जनकपुर नगरपालिका र सप्तरी जिविसमा मैथिली भाषालाई कामकाजको भाषाका रूपमा प्रयोग गर्न खोज्दा सर्वोच्च अदालतले रोकेको प्रसङ्गले नेपाली समाजलाई समावेशी बनाउन खोजे पनि सोचमा भने उक्त कुरा प्रतिविम्बित नभएको कटु अनुभूति नेपाली समाजले गर्न बाध्य हुँदै आएको छ ।

वि.सं. २०४७ को जन-आन्दोलनले पनि प्रत्याभूति गर्न नसकेको समावेशीकरणसम्बन्धी जनचासोलाई दोस्रो जन-आन्दोलन-२०६२/६३ तथा मधेश आन्दोलनले सम्बोधन गर्ने प्रयास गर्न लागेको अनुभूति हुनथालेको छ । राज्यको असमावेशी नीतिबाट बहुसङ्ख्यक जनताको विकासमा अवरोध पुगेको र त्यसबाट सिंगो राष्ट्रकै विकास प्रयास अपेक्षित रूपमा प्रतिफलमूलक हुन नसकेको तथ्यलाई दृष्टिगत गर्दै नयाँ नेपालको सिर्जनाका क्रममा राज्य संरचनाका विविध आयामलाई क्रमशः समावेशी गर्दै लैजाने नीति अपनाउन थालिएको छ । नेपालको अन्तरिम संविधानको प्रस्तावनामै "देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक समस्याहरूलाई समाधान गर्न राज्यको अग्रगामी पुनःसंरचना गर्ने सङ्कल्प गर्दै" उल्लेख गर्नुका साथै धारा ४ को उपधारा १ मा "नेपाल एक स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो"[३] उल्लेख भएबाट अबको नेपाल सम्पूर्ण नेपालीको समावेशी नेपाल हुने प्रत्याभूति भएको छ ।

## १.२. सञ्चार माध्यममा समावेशीकरण

नेपाल एक बहुजातीय, बहुसांस्कृतिक र बहुभाषिक मुलुक हो । देशको बहुलतायुक्त सामाजिक संरचना अनुसार नेपाली सञ्चार क्षेत्रलाई पनि बहुलवादी संरचनामा लैजान आवश्यक भइसकेको कुरा विभिन्न तथ्याङ्क र अभ्यासहरूले पुष्टि गरेका छन् । नेपालको पत्रकारितामा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्ग तथा अल्पसङ्ख्यक

[१] नेपाल मानव विकास प्रतिवेदन २००९, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, सन् २००९, पुष्ठ १८

[२] नेपाल मानव विकास प्रतिवेदन २००४, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, सन् २००४, पुष्ठ ५७

[३] नेपालको अन्तरिम संविधान, २०६३, पृष्ठ १ र २

समुदायहरूको सहभागिता अत्यन्त न्यून छ । बहुसङ्ख्यक नेपाली नागरिकहरूले नेपाली सञ्चार क्षेत्रमा आफ्नो प्रतिनिधित्व नभएको अनुभव गरेका छन् । पत्रकारिता सामाजिक दायित्व र जिम्मेवारी बोकेको राज्यको चौथो अङ्ग पनि हो र यही विश्वव्यापी मान्यता अनुरूप नेपाली पत्रकारिता पनि अगाडि बढ्नुपर्दछ ।

देशको बहुआयामिक विकासका लागि समावेशीकरणको अपरिहार्यता एउटा स्थापित सिद्धान्त भइसकेको छ । 'बहुलवादी नेपाली समाजमा आमसञ्चार'मा उल्लेख गरिएको छ - "बहुलवादी समाजमा प्रतिपक्षी समूह अल्पसङ्ख्यक समूह, पिछडिएको वर्ग वा दलित समुदायहरूको आ-आफ्नै माध्यम विकसित हुने वातावरण बनेको हुन्छ भने त्यस्तो माध्यमबाट वैकल्पिक विचार धारणाहरू, मत अभिमत तथा विविध सन्देशहरू सञ्चारित हुनसक्ने सम्भावना प्रशस्तै रहेको हुन्छ । यस्तो समाजमा प्रजातान्त्रिक मूल्य र मान्यताको सही व्याख्या, सही अभ्यास र सही माध्यमहरू उपलब्ध हुन्छन् ।"[४]

वि.सं. २०४६ सालको सफल जनआन्दोलनपछि गठन भएको प्रजातान्त्रिक सरकारले आर्थिक क्षेत्रमा मात्र उदारीकरणको नीति लिएन, सञ्चार क्षेत्रमा पनि उदारीकरणको नीति अवलम्बन गऱ्यो र राष्ट्रिय सञ्चार नीति-२०४९ सार्वजनिक गऱ्यो । यस नीतिले निजी क्षेत्रका उद्यमीहरूलाई सञ्चार क्षेत्रमा लगानी गर्न प्रोत्साहित गऱ्यो । परिणामस्वरूप सञ्चार क्षेत्रमा सरकारको एकाधिकारको अन्त्य भई वैचारिक विविधताले स्थान पायो । जन-आन्दोलन-२ पछि प्रकाशन र प्रसारण क्षेत्र झन् व्यापक बन्यो । अन्तरिम संविधानले नागरिकको अभिव्यक्ति तथा वाक् स्वतन्त्रता र सूचना प्राप्त गर्ने हकको प्रत्याभूति गऱ्यो । अहिले देशमा ५६८ दैनिक, २४९२ साप्ताहिक, ४२७ पाक्षिक, १९७३ मासिक र अन्य समेत गरी ६,५७० पत्रपत्रिकाहरू दर्ता भएका छन् । यस्तै ३६० रेडियो, २३ टेलिभिजन च्यानलहरू शैक्षिक, सूचनामूलक तथा मनोरञ्जनात्मक कार्यक्रम प्रसारणमा सक्रिय छन् । सूचना तथा सञ्चार क्षेत्रमा यति विकास भइसक्दा पनि समाजमा पछाडि पारिएका भौगोलिक, सांस्कृतिक, जातीय तथा आर्थिक समूह आफूलाई अहिले पनि बहिष्कृत भएको अनुभव गरिरहेका छन् ।

महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गलाई राज्य संयन्त्रका साथै अन्य विकास प्रयासहरूमा क्रमशः समावेशी गर्दै लैजाने विषयमा व्यापक बहस र पहल थालिनुलाई सकारात्मक कदमका रूपमा आत्मसात् गर्न सकिए पनि मानिसलाई वास्तवमै चेतनशील प्राणीका रूपमा विकास गर्ने सञ्चार माध्यममा समावेशीकरणका लागि प्राथमिकताका सूचीमा नपर्नु विडम्बना नै मान्नुपर्दछ । 'मिडियाको लोकतान्त्रीकरण'मा विनयकुमार कसजुले "समाजमा हजारौं वर्षदेखि उपेक्षित, पाखा पारिएका महिला, दलित, जनजाति समुदायलाई माथि उठाउनका लागि उनीहरूको हितमा मिडियाले काम गर्नुपर्दछ । यो काम अरु वर्ग वा समुदायका मानिसले भन्दा सम्बन्धित वर्गकै मानिसले प्रभावकारी ढङ्गले गर्नसक्छन्" उल्लेख गर्दै लेख्नुभएको छ - "लोकतन्त्रमा सबै वर्ग, समुदायको समान अधिकार र समान विकास कायम गर्न उपेक्षित वर्गलाई मिडियाको नीति निर्माण तहमा सहभागी समावेश गर्नु अनिवार्य छ ।"[५]

आधुनिक सञ्चार माध्यममा नेपालले प्रवेश गरेको एघार दशक बितिसक्दा पनि नेपाली सञ्चार माध्यममा एक भाषा र सिमित जातिको वर्चस्व रहनु नेपाली सञ्चार माध्यम स्वयंको विकासका लागि अवरोध हो भने यस यथार्थका कारण नेपाली समाजको ठूलो अंश समावेशी सञ्चार माध्यमबाट प्राप्त

---

[४] बहुलवादी नेपाली समाजमा आमसञ्चार, पत्रकारिता विभाग, त्रिवि, फ्रेडरिक इवर्ट स्टिफटुंग, २०५४ पुस, पृष्ठ ३

[५] विनयकुमार कसजु, मिडियाको लोकतन्त्रीकरण, सञ्चार अधिकार केन्द्र, मिडिया सर्भिसेज इन्टरनेशनल, २०६३ साल, पृष्ठ ३८

गर्न सकिने लाभबाट स्पष्टतः वञ्चित भइरहेका छन् । पञ्चायतकालमा आफूलाई बहुभाषी देखाउनका लागि रेडियो नेपालले अँगालेको 'फूलबारी' कार्यक्रमको सेरोफेरामै बहुदलीय प्रजातन्त्र स्थापनापछिको नेपाली सञ्चार माध्यमको समावेशिता सीमित भएको थियो । गणतन्त्र स्थापनापछि पनि सरकारी छापा सञ्चार माध्यम गोरखापत्र दैनिकमा समेटिन थालिएको बहुभाषी सामग्री 'नयाँनेपाल' बाट सञ्चारमा समावेशीकरण अगाडि बढ्न सकेको छैन । नेपाली भाषा बाहेक अन्य भाषाका अधिकांश सञ्चार माध्यमहरू सरकारी अनुदानबाट त वञ्चित रहेका छन् नै, यसका अतिरिक्त सञ्चार माध्यमहरूमा राष्ट्र भाषाहरूको स्थान अझै विस्तार हुन नसक्नुका साथै सञ्चार संस्थाहरूमा सीमान्तीकृत तथा पिछडिएका वर्गको पर्याप्त प्रतिनिधित्व हुन नसकेका कारण राष्ट्र भाषीहरूको सहभागिता विगतमा झैं खुम्चिएको अवस्थामै छ ।

### १.३. सञ्चारमाध्यममा समावेशीकरण किन ?

सञ्चार माध्यमको मुख्य उद्देश्य नागरिकलाई उनीहरूको सरोकारको विषयमा सुसूचित गर्नु, शैक्षिक र नैतिक जागरण प्रदान गर्नु, स्वस्थ मनोरञ्जन दिनु र समग्रमा सशक्तीकरण गर्नु हो । सञ्चार माध्यम राज्यका विभिन्न निकाय र नागरिकबीच सूचना आदानप्रदान गर्ने स्रोत पनि हो । सुसूचित नागरिकबाट मात्र लोकतन्त्रको संस्थागत विकास र संरक्षण हुन सक्दछ । वर्तमानमा मुलुकका सबै क्षेत्रमा पुनःसंरचना र समावेशिताको बहस अगाडि बढिरहेको छ र यस बहसबाट सञ्चार क्षेत्र पनि टाढा रहन सक्दैन, तसर्थ नेपाली सञ्चार माध्यमले एकलवादी सोच, संरचना र सामग्रीको दायराबाट माथि उठ्दै लोकतन्त्रको दिगो विकास, जवाफदेहीपूर्ण शासनप्रणाली, स्रोतसाधनको न्यायपूर्ण वितरण, सबै वर्ग/समुदायको सामूहिक हितमा आफ्नो भूमिका विस्तार गर्नु आवश्यक भएको छ ।

समावेशी भन्नाले राज्यद्वारा जानी-जानी वा अञ्जानमा राज्यको स्रोत, साधनमा पहुँच र सेवा सुविधाबाट बञ्चित गराइएका वा हुन पुगेका समुदाय र क्षेत्रलाई त्यस्तो स्रोत र साधनमा पहुँच पुऱ्याई सेवा र सुविधा पाउनका लागि समान रूपले सहभागी हुन पाउने प्रक्रिया सुनिश्चित गर्नुका साथै निजी क्षेत्रलाई समावेशीकरण प्रक्रियामा प्रोत्साहित गर्दै सुविधाबाट वञ्चित समूहलाई निजी स्रोतमा पनि पहुँच उपलब्ध गराउने भन्ने बुझिन्छ । त्यस्ता वर्ग र समुदायलाई राज्यको मूल प्रवाहमा समाहित गर्दै लोककल्याणकारी राज्य निर्माण गर्नु समावेशीकरणको मूल उद्देश्य हो । नेपालमा लामो कालखण्डसम्म राज्य संयन्त्र असमावेशी रहेका कारण धेरै क्षेत्र र समुदाय वञ्चितीकरणमा परेकाले राज्य संयन्त्रबाटै उनीहरूलाई समेटेर विकास प्रक्रियाको मूलधारमा ल्याउन तत्सम्बन्धी नीति, योजना र कार्यक्रमको निर्माण र कार्यान्वयनको क्रम अगाडि बढेको छ । सञ्चार क्षेत्रमा पनि यसको तीव्र आवश्यकता अनुभव गरिएको छ ।

सञ्चार क्षेत्र सार्वजनिक हुन्छ र यसमा सबैको पहुँच हुनुपर्दछ - यही विश्वव्यापी मान्यता अनुसार संसारका सबै सञ्चार माध्यमहरूले आफ्नो संस्थालाई समावेशी बनाउने चासोलाई प्राथमिकतामा राखेका छन् । विकसितदेखि लिएर विकासशील सबै देशहरू लोकतन्त्रमा सबै समुदायको भूमिकालाई बलियो बनाउन सञ्चार माध्यमलाई बहुलवादी स्वरूप प्रदान गर्ने प्रयासमा जुटेका छन् । नेपालमा भने यो विषय लामो समयदेखि बहसमा मात्र सीमित रहँदै आएको छ । नेपालमा पत्रकारिता र सञ्चारगृहहरूको विकासक्रमसँगै सम्प्रेषित सामग्रीले पनि चर्चा पाउन थालेपछि यो विषय केही बौद्धिक मञ्चहरूमा उठ्न थालेको हो ।

सञ्चारगृहहरू समावेशी नभएका कारण धेरै घटना र विषयवस्तुहरू सम्प्रेषण हुन सकेका छैनन् । महिला, मधेशी, आदिवासी, जनजाति, दलित, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गका मुद्दाहरूलाई उठाउन आवश्यक नठान्ने विगतको साँघुरो सोचका कारण सञ्चार माध्यम समावेशी बन्न सकेको थिएन । सञ्चार माध्यमहरूमा भौतिक उपस्थितिको कमीका कारण महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गको समाचार न्यायोचित रूपमा सम्प्रेषण भइरहेको छैन भन्ने गुनासो व्यापक छ । राज्यले समावेशी नीति अबलम्बन गरिसकेको छ । राज्यको चौथो अङ्ग भनिने सञ्चार क्षेत्र पनि समावेशी नीतिबाट टाढा रहन सक्दैन । मिडिया क्षेत्रमा समावेशीकरण आजको अपरिहार्य विषयवस्तु भइसकेको छ ।

## १.४. समावेशीकरणतर्फ नेपाली सञ्चार माध्यम

सञ्चार माध्यममा समावेशीकरणका लागि उठ्न थालेका आवाजको उपलब्धिस्वरूप यस मागलाई सम्बोधन गर्नका लागि सीमित नै भए पनि केही पहल हुन थालेका छन् । अधिकांशतः कागजमै सीमित यी प्रयासमध्ये केही व्यवहारमा पनि देखिन थालेका छन् । नेपालको अन्तरिम संविधानको भावना अनुरूप सञ्चार माध्यमका रूपमा कार्यरत सरकारी संस्थानहरूले आफ्नो जनशक्ति आपूर्ति गर्ने क्रममा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पछाडि पारिएको समुदायलाई आरक्षण प्रदान गर्ने नीति अपनाउन थालेको छ भने निजी सञ्चार माध्यमले पनि सञ्चारकर्मीहरूको सेवा हासिल गर्दा क्षमताका आधारमा सीमान्तीकृत समुदायका सञ्चारकर्मीहरूलाई समेट्न थालेको पाइन्छ । गोरखापत्र दैनिकले 'नयाँ नेपाल'को नामबाट विभिन्न भाषाका सामग्रीहरू विगत पाँच वर्षदेखि प्रकाशन गर्न थालेको छ भने विभिन्न सञ्चार माध्यममा समेटिने सामग्रीहरूमा समावेशिताको विशेषता विगतका तुलनामा बढेको पाइन्छ । वि.सं. २०६३ मा गठित उच्चस्तरीय मिडिया सुझाव आयोगले आफ्नो प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख गरेको छ - "समावेशीकरणको सिद्धान्तलाई पत्रकारिताको क्षेत्रमा सार्थक तुल्याउन महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गहरूलाई प्रोत्साहन गर्नु सबैको दायित्व ठानिनुपर्दछ । यस्ता पत्रकारहरूको सीप विकासका निम्ति तालिम र प्रशिक्षणको व्यवस्था गरिनुपर्दछ । यस निम्ति सम्बद्ध सञ्चार माध्यमका अतिरिक्त राज्यले समेत लगानी गर्नु जरुरी छ । सञ्चार माध्यमहरूले पत्रकारहरूको सेवाकालीन तालिमलाई विशेष महत्व र सहुलियत दिनुपर्दछ । राष्ट्रिय सञ्चार नीतिमा लैङ्गिक समानताको विषयलाई समावेश गरिनुपर्दछ ।"[६]

सयौँ वर्षदेखि विभेदको उत्पीडन भोगिरहेको नेपालको सीमान्तीकृत समुदायको अपेक्षा गणतन्त्रको स्थापनापछि ह्वात्तै बढेको छ र झिनामसिना पहल तथा कागजी प्रतिबद्धताहरूबाट ती अपेक्षाको सम्बोधन हुने देखिँदैन र भएको छैन पनि । सञ्चारमाध्यम समावेशी हुनुपर्दछ भन्ने माग र अभियान सञ्चार क्षेत्रका विभिन्न संस्थाबाट संस्थागत रूपमै शुरु भई यसबारेमा बेला-बेलामा सरकारको ध्यानाकर्षण पनि गराइएको थियो । यसैबीच २०६९ साल साउन २ गतेदेखि १४ गतेसम्म मधेशी पत्रकारहरूद्वारा आयोजित रिले अनशनपछि नेपाल सरकारसँग नेपाली सञ्चार माध्यमलाई समावेशी बनाउने आयोग नै गठन गर्ने विषयमा सहमति हुनुलाई नेपाली सञ्चारमाध्यमलाई समावेशी गराउने यात्रामा ठूलो उपलब्धि नै मान्नुपर्दछ । सोही सहमति अनुरूप नेपाल सरकार, मन्त्रिपरिषद्को

[६] उच्चस्तरीय मिडिया सुझाव आयोगको प्रतिवेदन, २०६३ साल

२०६९ साल भदौ २८ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोगको गठन भएको हो ।

यस आयोगको पहिलो बैठक (२०६९ मंसीर १४ गते) बाट छापामाध्यम, विद्युतीय माध्यम र सङ्घ-संस्था गरी तीन वटै क्षेत्रको वर्तमानको अवस्थाबारे अध्ययन गर्न छुट्टाछुट्टै समिति बनाई अध्ययन गर्ने काम भयो । साथै छापामाध्यम, विद्युतीय माध्यम र संस्थाका सरोकारवालाहरूसँग छुट्टाछुट्टै बैठक गरी राय सुझाव लिइयो । यस बाहेक पूर्वाञ्चलको इटहरी, मध्यमाञ्चलको जनकपुर र मध्यपश्चिमाञ्चलको नेपालगञ्जमा क्षेत्रीयस्तरका गोष्ठीको आयोजना गरी सरोकारवालाहरूसँग परामर्श लिने कार्य भयो । यसैगरी काठमाडौंमा सरोकारवाला संस्थाका प्रतिनिधिहरू र विज्ञहरूसँग पनि गोष्ठी गरी परामर्श लिने काम भयो ।

## २. प्रारम्भिक

### २.१. संचार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोगको गठन

संचार माध्यमलाई समानुपातिक र समावेशी बनाउनु पर्ने एवं संचार माध्यमले आफ्ना समाचार तथा कार्यक्रमहरूमा मधेशका मुद्दाहरूलाई उचित स्थान दिनुपर्ने लगायत विभिन्न माग राखी मधेशी पत्रकार सम्बद्ध विभिन्न संघसंस्थाहरूले २०६९ साल साउन २ गतेबाट रिले अनसन शुरु गरेको सन्दर्भमा २०६९ साउन १५ गते सूचना तथा संचार मन्त्री र आन्दोलनरत संस्थाका प्रतिनिधिवीचको वार्तामा भएको सहमति अनुसार नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६९ भदौ २८ गतेको निर्णयले संचार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग गठनको निर्णय भएको थियो । आयोगको देहाय बमोजिमका संयोजक तथा सदस्यहरू रहेका छन् ।

१. संयोजक श्री सुशील कुमार ओझा, सहसचिव, सूचना तथा सञ्चार मन्त्रालय
२. सदस्य श्री मोहनकुमार सिंह, अध्यक्ष, मधेशी पत्रकार समाज नेपाल
३. सदस्य श्री बि.पि. साह, पत्रकार
४. सदस्य श्री राजेश अहिराज, अध्यक्ष, मधेश मिडिया हाउस
५. सदस्य श्री वीरेन्द्र के. एम. सम्पादक, न्युज अपरेशन
६. सदस्य श्री मनोज यादव, पत्रकार
७. सदस्य श्री अमरेन्द्र यादव, पत्रकार
८. सदस्य श्री रेम विश्वकर्मा, पत्रकार
९. सदस्य श्री राजकुमार पासवान पत्रकार
१०. सदस्य श्री यशोदा अधिकारी,कार्यकारी सदस्य, संचारिका समूह
११. सदस्य श्री शुभेच्छा विन्दु तुलाधर, अध्यक्ष, वर्किङ वोमेन जर्नलिष्ट
१२. सदस्य श्री प्रकाशचन्द्र परियार, प्रतिनिधि, नेपाल पत्रकार महासंघ
१३. सदस्य श्री धर्मेन्द्र कर्ण, प्रतिनिधि, नेपाल पत्रकार महासंघ
१४. सदस्य श्री मोहनसिंह लामा, अध्यक्ष, नेपाल आदिवासी जनजाति पत्रकार संघ
१५. सदस्य श्री निमेष कर्ण, प्रतिनिधि, सामुदायिक रेडियो प्रसारक संघ नेपाल (एकोऱ्याव)
१६. सदस्य श्री नवराज अर्याल, प्रतिनिधि, ब्रोडकाष्ट्रिङ्ग एशोसिएशन अफ नेपाल (बान)
१७. सदस्य श्री यज्ञमूर्ति भण्डारी, प्रतिनिधि, अर्थ मन्त्रालय
१८. सदस्य श्री आलोक कुमार तिवारी
१९. सदस्य सचिव श्री यदु प्रसाद पन्थी, उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय

### २.२ आयोगको कार्यक्षेत्र

(१) राष्ट्रियस्तरको सञ्चार माध्यम हुनको लागि के कस्तो शर्त वा मापदण्ड पूरा गर्नु पर्ने हो ?

(२) सरकारी क्षेत्रबाट सञ्चारमाध्यमहरूलाई दिइने अनुदान सामुदायिक उपस्थिति र क्षेत्रीय आवश्यकताको आधारमा र महिला, मधेशी, आदिवासी/जनजाति, दलित, मुसलमान, अपाङ्गता

भएका तथा पिछडिएका वर्गमा केन्द्रित हुने गरी वितरण गर्न के कस्तो मापदण्ड निर्धारण गर्ने र सो को अनुगमनको व्यवस्था कसरी गर्ने ।

(३) सरकारी सञ्चार माध्यमको विषयवस्तु (content) र संप्रेषण (Coverage) लाई कसरी थप समावेशी बनाउन सकिन्छ ?

(४) सरकारी समाचारमाध्यमको व्यवस्थापकीय नेतृत्वलाई कसरी अझ बढी समावेशी बनाउन सकिन्छ ?

(५) निजी सञ्चार माध्यमका समाचार, कार्यक्रम र जनशक्ति व्यवस्थापनलाई कसरी समावेशी बनाउन सकिन्छ ?

(६) पत्रकारिताक्षेत्रलाई थप समावेशी बनाउने कुरामा प्रेस काउन्सिलको कस्तो भूमिका हुन सक्छ ?

(७) सबै क्षेत्रका सञ्चारकर्मीको दक्षता अभिवृद्धिको लागि “राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठान” स्थापना गर्न के कस्तो प्रक्रिया अपनाउनु उपयुक्त हुन्छ र त्यसको सांगठनिक अबस्था तथा व्यवस्थापन कस्तो हुनु पर्दछ ?

(८) सञ्चार माध्यमको वर्गीकरण, नवीकरण र समावेशी बनाउने सम्बन्धमा के कस्तो कानूनी वा नीतिगत व्यवस्था हुनु आवश्यक छ ?

(९) माथिका कुराहरू कार्यान्वयन गर्न प्रचलित कानुन, नीति तथा व्यवहारमा के कस्तो सुधार वा परिवर्तन आवश्यक हुन्छ ?

(१०) एफएम रेडियाहरुलाई ITU मा कुनै किसिमले दर्ता वा आबद्ध गर्न सकिने नसकिने र सकिने भए सो को औचित्य र विधि ।

(११) आयोगले आफ्नो प्रतिबेदनमा सुझाब कार्यान्व्यिन गर्न जिम्मेवार निकाय, सो को विधि तथा समय तालिकासमेत समावेश गर्ने ।

(१२) आयोगले आफ्नो प्रतिबेदन सूचना तथा संचार मन्त्रालयमार्फत नेपाल सरकारमा बुझाउने छ र सो प्रतिबेदन नेपाल सरकारले तत्काल कार्यान्वयन एवं सार्वजानिक गर्ने छ ।

## २.३ आयोगको समयावधि

नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०६९ भदौ २८ गतेको निर्णय अनुसार गठन भएको संचार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोगको समयावधि काम शुरु गरेको मितिले ४५ दिन तोकिएको थियो । आयोगले आफ्नो कार्य सक्रिय रुपमा निरन्तरता दिइरहदा पनि विषयको गम्भीरताको कारण आयोगलाई तोकिएको समयभित्र कार्य सम्पन्न गर्न नसकिएकोले नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६९ माघ ४ को निर्णयले दोस्रो पटक म्याद थप गर्ने निर्णय भएको थियो ।

## २.४ आयोगको कार्यविधि

मिति २०६९ मंसिर १४ गते आयोगको पहिलो बैठक बसी आयोगले आफ्नो कार्यक्षेत्र अनुसारको कार्यविधि र कार्यतालिका तय गर्‍यो । आयोगको पहिलो बैठकले संचारमाध्यमलाई समावेशीकरण गर्न

संचारका सबै विधामा के कस्ता सुधारका कार्य गर्न सकिन्छ भन्ने बारेमा अध्ययन गरी प्रारम्भिक प्रतिबेदन बनाउन छापा संचार, विद्युतीय र संघसंस्था अध्ययन समिति गरी तीन वटा देहाय बमोजिमको समितिहरू गठन गरियो ।

क) छापा पत्रकारिता क्षेत्र अध्ययन समूह -

१) मोहन सिंह लामा – संयोजक
२) अमरेन्द्र यादव
३) शुभेच्छा विन्दु तुलाधर
४) राज कुमार पासवान
५) मनोज यादव

ख) विद्युतीय सञ्चार अध्ययन समूह -

१) प्रकाश चन्द्र परियार – संयोजक
२) निमेष कर्ण
३) वीरेन्द्र के एम
४) यशोदा अधिकारी
५) आलोक कुमार तिवारी

ग) सञ्चार माध्यम सम्बद्ध संघ संस्था अध्ययन समूह -

१) राजेश अहिराज – संयोजक
२) मोहन कुमार सिंह
३) धर्मेन्द्र कर्ण
४) वि.पी. साह
५) रेम विश्वकर्मा
६) नवराज अर्याल

उक्त तीन वटै अध्ययन समितिबाट आएको प्रतिबेदनको आधारमा आयोगले प्रारम्भिक अवधाराणा मस्यौदापत्र तयार गरी विज्ञहरूसंगको छलफल गरेको थियो । आयोगका सबै पदाधिकारी र सदस्यहरूको उपसिथितिमा संचार क्षेत्रका विज्ञहरूको तीन वटा समूहसंग छुट्टाछुट्टै छलफल गरी सुझाब संकलन गरेको थियो । विज्ञहरूसंगको छलफल पछि मोफसलका विषय विज्ञता, जानकारवाला र सरोकारवालाहरूको सुझाब संकलनको लागि सुनसरीको इटहरी, धनुषाको जनकपुर, काठमाडौ र नेपालगन्जमा सुझाब संकलन गोष्ठी आयोजना गरी सुझाब संकलन गरेको थियो ।

यसैगरी आयोगले प्रमुख संचारमाध्यमका प्रमुख तथा सम्पादकहरूबाट पनि लिखित रुपमा सुझाबहरू संकलन गरेको थियो भने इमेल लगायत कुनै पनि माध्यमबाट सुझाव पठाउन सार्वजनिकरूपमा पत्रपत्रिकामा सूचना प्रकाशित गरिएको थियो । आयोगले आफ्नो वेभसाइट निर्माण गरी प्रारम्भिक प्रतिबेदन सार्वजानिक गर्दै सुझाब पठाउन अनुरोध गरेको थियो ।

सबै विधि प्रक्रियाबाट आवश्यक सुझाबहरू संकलन गरेपछि संचार क्षेत्रका विज्ञहरू तपनाथ शुक्ल र पुष्करभक्त माथेमाको प्रत्यक्ष संलग्नमा आयोगले प्रतिबेदन तयारी गरेको थियो ।

## खण्ड ३

### ३ सञ्चार माध्यममा समावेशीकरणका लागि सिफारिशहरू :

परिवर्तित सन्दर्भमा बहुभाषी, बहुसांस्कृतिक एवं बहुधार्मिक नेपाली समाजमा विकसित राजनैतिक, सामाजिक तथा सांस्कृतिक सचेतनाले नेपालको बहुलवादी समाजमा सञ्चार जगत्लाई पनि सोही अनुसार विकसित गर्दै लानुपर्ने अनुभूति हुँदै आएको छ । नयाँ नेपाल निर्माणका लागि युगको माग अनुसार समावेशीकरणका अन्तरराष्ट्रिय मूल्यमान्यताका आधारमा नेपालको भौगोलिक, सांस्कृतिक तथा सामाजिक संरचना बमोजिम नेपालको सञ्चार जगत्लाई क्रमशः समावेशीकरण गर्दै लानका लागि विद्यमान प्रविधिगत एवं सञ्चारगत संरचनामा बहुआयामिक परिवर्तनको आवश्यकता अनुभूति गरिएको छ ।

सोही आवश्यकतालाई दृष्टिगत गरी गठन गरिएको सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोगले विभिन्न मितिमा नेपालका विभिन्न स्थानमा क्षेत्रीय अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो । ती गोष्ठीहरू तथा विज्ञहरूसँगको परामर्शबाट प्राप्त सुझावहरूको अध्ययनका आधारमा नेपालको सञ्चार माध्यममा समावेशीकरणका लागि निम्नानुसारका पहलहरू गर्नुपर्ने देखिएको छ :

### ३.१ राष्ट्रियस्तरको सञ्चार माध्यमका रूपमा मान्यता प्राप्त गर्नका लागि पूरा गर्नुपर्ने मापदण्डहरू :

राष्ट्रियस्तरको सञ्चारमाध्यम हुनका लागि सञ्चार संस्थाले देहाय बमोजिमका शर्त र मापदण्ड पूरा गर्नुपर्दछ :

- सञ्चार संस्थामा समावेशीकरणसम्वन्धी नीति पूर्ण रूपमा कार्यान्वयन भएको हुनुपर्दछ;
- संस्थाको आफ्नै लैङ्गिक नीति भएको हुनुपर्दछ;
- आर्थिक पारदर्शिता अपनाउनुपर्दछ;
- जनशक्ति नियुक्ति प्रक्रियालाई समावेशीकरण गर्नका लागि नेपाल सरकारले अंगिकार गरेको मापदण्डलाई अनुसरण गरेको हुनुपर्दछ;
- संस्थाको कार्यालय व्यवस्थापन र कार्य वातावरण महिलामैत्री र अपाङ्गमैत्री भएको हुनुपर्दछ;
- संस्थाको नीति निर्माण तहमा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अपाङ्गता भएका तथा पिछडिएका वर्गको प्रतिनिधित्व भएको हुनुपर्दछ;
- संस्थाको समाचार कक्षमा महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गको प्रतिनिधित्व गर्ने सञ्चारकर्मीको उपस्थिति हुनुपर्दछ र आ-आफ्नो क्षेत्रका सञ्चार सामग्रीको उत्पादन तथा सम्पादन कार्यमा प्रमुख भूमिका निर्वाह उनीहरूलाई नै गर्न दिइनुपर्दछ;
- देशको ५० % भन्दा बढी जनसङ्ख्या क्षेत्रमा वितरण/प्रसारण पुगेको हुनुपर्दछ;
- मानव संसाधन र सञ्चार सामग्रीमा वितरण/प्रसारण क्षेत्रभित्रका सबै आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, लैङ्गिक र भाषिक र समुदायगत समूहको प्रतिशतको आधारमा प्रतिनिधित्व भएको हुनुपर्दछ;
- विषयवस्तु र कार्यक्रममा भौगोलिक, क्षेत्रीय र मुद्दागत सन्तुलन कायम गरिएको हुनुपर्दछ ।

### ३.२ सञ्चारमाध्यमलाई वितरण गरिने सरकारी अनुदान प्राप्त गर्नका लागि पूरा गर्नुपर्ने समावेशी मापदण्डहरू र अनुगमनका प्रक्रियाहरू :

- विषयवस्तु तथा जनशक्तिमा समावेशी अवधारणा अँगालेका सञ्चारगृहलाई नियमित अनुगमन तथा मूल्याङ्कनका आधारमा मात्र अनुदान दिनुपर्दछ;
- महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गमा छापा/प्रसारण माध्यम स्थापना गरी स्थानीय आवश्यकता, संस्कृति, सामाजिक तथा भाषिक उत्थानका लागि कार्यरत सञ्चार संस्थाहरूलाई अनुगमन र मूल्याङ्कनका आधारमा मात्र अनुदान, सरकारी विज्ञापनलगायतका सुविधा दिनुपर्दछ;
- अनुदान वितरण गर्दा समानुपातिक समावेशीलाई प्राथमिकता दिने संस्थाहरूलाई प्राथमिकता दिनुपर्दछ;
- मातृभाषामा प्रकाशन र प्रसारण गर्ने संस्थाहरूलाई प्रवर्द्धन गर्ने नीति निर्माण गर्ने र अनुगमन/मूल्याङ्कनका लागि मातृभाषी सञ्चार प्रतिष्ठान प्रकृतिको छुट्टै स्वायत्त निकाय गठन गर्नुपर्दछ;
- क्षेत्रीय तथा स्थानीय तहमा खुलेका तथा सञ्चालन भएका सञ्चार माध्यमहरूलाई थप अनुदानको व्यवस्था गर्नुपर्दछ;
- सञ्चार समावेशी कोष स्थापना गरी समावेशीकरणसम्बन्धी निश्चित मापदण्डका आधारमा अनुदान वितरण गर्नुपर्दछ;
- विज्ञापन स्थानीय भाषामा प्रकाशन/प्रसारण गर्ने सञ्चार माध्यमलाई विज्ञापन वितरणमा प्राथमिकता दिनुपर्दछ;
- विज्ञापन वितरण गर्दा सम्बन्धित क्षेत्रका सञ्चार माध्यमलाई प्राथमिकताकासाथ उपलब्ध गराउनुपर्दछ;
- लोक कल्याणकारी विज्ञापन समावेशी सञ्चारमाध्यमलाई मात्र दिइनुपर्दछ र यसका लागि केन्द्रको हकमा प्रस्तावित मिडिया काउन्सिल र जिल्लाको हकमा स्थानीय अनुगमन समितिको सिफारिश बमोजिम गर्नुपर्दछ;
- निजी क्षेत्रका छापा सञ्चार माध्यमलाई विविध भाषा र सवालहरुमा संस्करण प्रकाशन गर्न प्रोत्साहित गरिनुपर्दछ;
- पछाडि पारिएका समुदायका भाषा, संस्कृति, परम्पराका विषयहरूलाई प्राथमिकता दिइएका स्थानीय प्रकाशन, प्रसारणको वर्गीकरण गर्दा विशेष सुविधा तथा सहुलियत दिने क्रममा प्रकाशन/प्रसारणको एक वर्षभित्रै वर्गीकरणका लागि योग्य मानिनुपर्ने;
- समावेशी समूहमा रहेका समुदायको पहलमा स्थापना भएका सञ्चारमाध्यमलाई लोककल्याणकारी विज्ञापन र आवश्यक प्रकाशन/प्रसारण तथा सञ्चारसम्बन्धी अन्य सामग्रीमा छूट र अनुदान दिने व्यवस्था गरिनुपर्दछ ।

### ३.३ सरकारी सञ्चार माध्यमका विषयवस्तु र सम्प्रेषणलाई थप समावेशी बनाउनका लागि चालिनुपर्ने कदमहरू :

- विषयवस्तुको सम्प्रेषण तथा जनशक्तिको सहभागितालाई निश्चित मापदण्डका आधारमा पूर्ण

समानुपातिक बनाउनुपर्दछ;

- सरकारी सञ्चार माध्यमको विषयवस्तु समावेशी बनाउन खासगरी महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम, तथा पिछडिएका समुदाय वा वर्गका भाषा, संस्कृति, परम्पराका विषयहरूलाई प्राथमिकता दिई निष्पक्ष रूपमा प्रकाशन र प्रसारण गर्नुपर्दछ;
- समावेशी भित्रको समावेशीलाई समेत ध्यानमा राखेर समावेशी समूहको विविधतालाई प्राथमिकता दिने ।
- सरकारी सञ्चार माध्यमको पहुँच शतप्रतिशत जनसङ्ख्या क्षेत्रमा पुऱ्याउनुपर्दछ;
- केन्द्रमा मात्र कार्यक्रम निर्माण गर्ने परिपाटी क्रमशः अन्त्य गरी क्षेत्रीयस्तरमा उत्पादन केन्द्रहरू स्थापना गरी कार्यक्रममा विविधता ल्याउनुपर्दछ;
- समाचार तथा अन्य कार्यक्रमहरूमा क्षेत्रीय र समुदायगत सन्तुलन कायम गर्नुपर्दछ;
- अन्तरक्रियात्मक कार्यक्रमहरूमा थप विविधता ल्याउने र त्यस्ता कार्यक्रमहरूमा उपत्यका बाहिरका बुद्धिजीवी, समाजसेवी र चिन्तकहरूलाई पनि समावेशी रुपमा समावेश गराउनुपर्दछ;
- स्थानीय स्वर र समावेशी मुद्दाहरूलाई समेट्न समाचार कक्षलाई समावेशी बनाइनुपर्दछ;
- श्रव्यदृश्य सञ्चार माध्यममा कार्यक्रम र सामग्रीको प्रकृतिबमोजिमको भेषभूषा लगाउन पाउने वा लगाउनुपर्ने व्यवस्था गरिनुपर्दछ;
- मोफसलको समाचार दिँदा स्थानीय विकास, निर्माण, सांस्कृतिक, शैक्षिक, पर्यटकीय सामाजिक र आर्थिक परिवेशलाई प्राथमिकता दिनुपर्दछ;
- क्षेत्रीय तथा स्थानीय भाषामा पनि सरकारले पत्रपत्रिका प्रकाशन गर्नुपर्दछ ।

### ३.४ सरकारी सञ्चार माध्यमका व्यवस्थापकीय नेतृत्वलाई थप समावेशी बनाउनका लागि चालिनुपर्ने कदमहरू :

- सरकारी सञ्चारमाध्यमलाई सार्वजनिक सेवाको अवधारणा बमोजिम सञ्चालन गर्नुपर्दछ;
- सरकारी सञ्चार माध्यमको नेतृत्व तह (कार्यकारी अध्यक्ष/प्रमुख/महाप्रवन्धक) को नियुक्ति खुला प्रतिस्पर्धाबाट सञ्चार क्षेत्रमा कार्यरत रहेका महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गलाई प्राथमिकता दिई गरिनुपर्दछ;
- सञ्चार माध्यमको नीति निर्माणतहमा निश्चित मापदण्ड तोकी महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गको अनिवार्य प्रतिनिधित्व गराइनुपर्दछ;
- मधेशी, महिला, आदिवासी, जनजाति, दलित, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गमैत्री सञ्चार नीति बनाइनुपर्दछ र उक्त नीति निर्माण संयन्त्रमा ती वर्गका प्रतिनिधिहरूलाई सहभागी गराइनुपर्दछ;
- क्षेत्रीय उत्पादन केन्द्रमा स्थानीय जनशक्तिलाई प्राथमिकता दिनुपर्दछ;
- स्थानीय सम्वाददाता नियुक्ति गर्दा स्थानीय अल्पसङ्ख्यक वा पिछडिएको जाति, आदिवासी/जनजातिलाई विशेष प्राथमिकता दिनुपर्दछ;

- समावेशी संरचना नभएसम्म महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गका लागि छुट्याइएको आरक्षण ६० प्रतिशतमा वृद्धि गरी लागू गरिनुपर्दछ;
- कुल जनशक्तिमा न्यूनतम ३३ प्रतिशत स्थान महिलाहरूका लागि अनिवार्य रूपमा आरक्षित गरिनुपर्दछ, महिला सहभागिताका क्रममा आन्तरिक समावेशीकरण गरिनु पर्दछ ।
- मानव संसाधन व्यवस्थापन निर्देशिका तयार गरी त्यसमा समावेशीकरणसम्बन्धी व्यवस्थालाई अनिवार्य रूपमा समावेश गरी पालना गराइनुपर्दछ;
- मधेशी, महिला, आदिवासी/जनजाति, दलित, मुस्लिम, अपाङ्गता भएका तथा पछाडि पारिएका समुदयका सञ्चारकर्मीहरूको पेशाको सुरक्षा र राष्ट्रले निर्धारण गरिदिए अनुरूपको पारिश्रमिकको प्रत्याभूति गरिनुपर्दछ;
- सञ्चार माध्यमलाई समावेशी बनाउनका लागि समेटिने विषयवस्तुबारे सामग्री तयार पार्नका लागि समावेशी समूहका पत्रकारहरूलाई नै नियुक्तिमा पहिलो प्राथमिकता दिइनुपर्दछ ।

**३.५ निजी सञ्चार माध्यमका सामग्री तथा जनशक्ति व्यवस्थापनलाई थप समावेशी बनाउन चालिनुपर्ने कदमहरू :**

- निजी सञ्चार माध्यममा समावेशीकरणसम्बन्धी नीतिको पूर्ण पालना र कार्यान्वयन गर्न निर्देशन दिनुपर्दछ र त्यस्को अनुगमन गर्नुपर्दछ;
- सञ्चार माध्यमहरूका स्वामित्व, सामग्री र सञ्चारकर्मीमा बहुलसहभागिता भएको/नभएको हेरी बहुलसहभागिता भएका सञ्चारगृहलाई अनुदान/सहुलियतको व्यवस्था गर्नुपर्दछ;
- स्थानीय र क्षेत्रीय तहमा सञ्चालित रेडियो र टेलिभिजनले आफ्नो उपभोक्ता क्षेत्रको सामाजिक बनावटका आधारमा सहभागिताको अनिवार्य व्यवस्था गर्नुपर्दछ र स्थानीय राजनीति, अर्थ, समाज, संस्कृति र परम्पराबारे मातृभाषामा कार्यक्रमहरू उत्पादन तथा प्रसारण गर्नुपर्दछ;
- सामुदायिक र गैरसरकारी संस्थामार्फत सञ्चालनमा रहेका सञ्चार माध्यमका कार्यसमिति समावेशी हुनैपर्ने व्यवस्था गर्नुपर्दछ;
- स्थानीय स्वर र समावेशी मुद्दाहरूलाई समेट्न समाचार कक्षलाई समावेशी बनाइनुपर्दछ;
- महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गका सञ्चारकर्मीहरूको पेशाको सुरक्षा र राष्ट्रले निर्धारण गरिदिए अनुरूपको पारिश्रमिकको प्रत्याभूति गरिनुपर्दछ;
- समावेशी नीतिलाई अधिकतम रूपमा अपनाउनका लागि निजी सञ्चार माध्यमलाई प्रोत्साहित गर्नका लागि त्यस्ता सञ्चार माध्यमलाई पुरस्कृत गरिनुका साथै सहुलियत तथा सुविधाको व्यवस्था गरिनुपर्दछ;
- नयाँ सञ्चारगृहलाई अनुमतिपत्र दिँदा आवश्यक प्रक्रिया र दस्तावेजहरूमा समावेशीकरणसम्बन्धी नीतिको पालना गर्नुपर्ने शर्त समावेश गर्नुपर्दछ ।

## ३.६ पत्रकारिता क्षेत्रलाई थप समावेशी बनाउन प्रेस काउन्सिलले निर्वाह गर्नुपर्ने भूमिका :

- प्रेस काउन्सिल छापामाध्यमको नियामक निकायका रूपमा स्थापना गरिएकोले यसको भूमिका पत्रपत्रिकाको वर्गीकरणमा नै खुम्चिएको छ । विद्युतीय सञ्चारमाध्यमलाई नियमन गर्ने निकाय हालसम्म छैन । यस्तो स्थितिमा प्रेस काउन्सिल ऐन संशोधन गरी प्रसारण माध्यमलाई समेत समेट्ने गरी परिमार्जन गर्नुपर्दछ;
- प्रेस काउन्सिललाई 'मिडिया काउन्सिल' नामाकरण गरी सबै भौगोलिक क्षेत्र, जात-जाति, महिला, मधेशी, मुसलमान, पिछडिएको वर्ग, आदिवासी/जनजातिका प्रबुद्ध व्यक्तिहरू तथा पत्रकारहरूको प्रतिनिधित्व यसमा गराई समावेशी बनाइनुपर्दछ;
- प्रेस काउन्सिल (भावी मिडिया काउन्सिल) आफै समावेशी नभई पत्रकारिता क्षेत्रलाई समावेशी बनाउन नसकिने भएकोले यसको सङ्गठनात्मक संरचनालाई समावेशी बनाइनुपर्दछ ।

- प्रस्तावित मिडिया काउन्सिललाई संवैधानिक मान्यता प्राप्त निकायका रूपमा स्थापित गरिनुपर्दछ;
- अध्यक्ष र सदस्यहरूको नियुक्ति राजनैतिक आधारमा नभई प्रक्रिया तय गरी सम्बन्धित क्षेत्रका विशेषज्ञलाई संसद्बाट गरिनुपर्दछ;
- सञ्चार माध्यममा समावेशीकरणसम्बन्धी नीति/मापदण्ड/आचारसंहिता तयार गरी त्यसको पालनासम्बन्धी अनुगमन गर्ने कार्य यही निकायबाट हुनुपर्दछ;
- विभिन्न भाषा र लिपिमा निस्किएका सामुदायगत र क्षेत्रगत रूपमा निस्किएका पत्रिकाहरूलाई पनि वर्गीकरणमा पारेर ती पत्रिकाका साथै सम्बन्धित भाषा र संस्कृतिको संरक्षण, प्रवर्द्धनमा योगदान दिनुपर्दछ;
- प्रस्तावित मिडिया काउन्सिल अन्तर्गत मातृभाषी सञ्चार इकाइको व्यवस्था गरिनुपर्दछ;
- सञ्चार माध्यमहरूको मूल्याङ्कन तथा अवसर/अनुदान वितरण कार्यलाई प्रभावकारी, पारदर्शी र निष्पक्ष बनाइनुपर्दछ;
- पत्रपत्रिकाको मूल्याङ्कन र वर्गीकरणको एउटा आधारका रूपमा समावेशी चरित्रलाई प्राथमिकताका साथ समेटिनुपर्दछ;

## ३.७ सञ्चारकर्मीको दक्षता अभिवृद्धिका लागि राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठानको स्थापनासम्बन्धी प्रक्रियाहरू, त्यसको साङ्गठनिक तथा व्यवस्थापकीय संरचना :

- पत्रकारिता क्षेत्रमा महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्गको सहभागिता अत्यन्त न्यून रहेकोले यस्ता समुदायलाई प्रशिक्षित गर्नका लाीग राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठान स्थापना गरिनुपर्दछ;
- राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठानले सञ्चार माध्यमको आवश्यकता, नयाँ प्रविधि, अन्तर्राष्ट्रिय मापदण्ड र प्रवृत्ति अनुसार पत्रकारिता तालिम सञ्चालन गर्नुपर्दछ र यस्ता तालिममा पिछडिएका वर्ग, लिङ्ग, मधेशी, दलित, अपाङ्गता भएका, मुसलमान, महिलालाई आरक्षणको व्यवस्था गरिनुपर्दछ;
- राम्रो पत्रकारले नै समाजको रूपान्तरण गर्नसक्ने, लोकतन्त्रलाई सबलीकरण गर्नसक्ने र चेतना अभिवृद्धि गरी नागरिक सशक्तीकरण गर्नसक्ने भएकोले पत्रकारमाथिको लगानीलाई देश विकासमा

गरिने लगानीकै रूपमा आत्मसात् गरी महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका वर्ग, दुर्गम क्षेत्र, विपन्नहरूलाई प्रोत्साहित गर्न छात्रवृत्तिको व्यवस्था गरी अल्पकालीन तथा दीर्घकालीन तालिम सञ्चालन गर्नुपर्दछ;

- सञ्चार क्षेत्रका लागि यो संस्थाले नेपाल सरकारलाई परामर्शदातृ संस्थाका रूपमा पनि काम गर्नुपर्दछ;
- सञ्चार क्षेत्रसँग सम्बन्धित अनुसन्धान तथा कृति प्रकाशनको कार्यमा पनि यस संस्थालाई परिचालन गर्नुपर्दछ;
- प्रशिक्षण तथा तालिमका पाठ्यक्रम समावेशी प्रकृतिबाट निर्माण गरिनुपर्दछ;
- प्रशिक्षण कार्यक्रम केन्द्रमा मात्र सीमित नगरी क्षेत्रीय तथा स्थानीय स्तरमा पनि गरिनुपर्दछ र क्षेत्रीय एवं स्थानीय प्रशिक्षण कार्यक्रममा स्थानीय जाति, भाषा, संस्कृतिसम्बन्धी समसामयिक सञ्चार सामग्री उत्पादन गर्नेसन्दर्भमा स्थानीय स्रोत व्यक्तिलाई नै परिचालित गरिनुपर्दछ;
- देशको हरेक क्षेत्रमा कम्तिमा एउटा सञ्चार प्रशिक्षण केन्द्र स्थापना गरिनुपर्दछ;
- नयाँ अनुमतिपत्र दस्तुर, नवीकरण दस्तुर तथा रोयल्टीबाट प्रत्येक वर्ष नेपाल सरकारलाई प्राप्त हुने रकमको निश्चित प्रतिशत राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठान सञ्चालनका लागि छुट्याएर स्थायी स्रोतको आर्थिक व्यवस्था गरिनुपर्दछ ।

## ३.८ सञ्चार माध्यमको वर्गीकरण, नवीकरण र समावेशीकरणका लागि आवश्यक कानुनी तथा नीतिगत व्यवस्था :

- हालसम्म सञ्चारसंस्थाहरूलाई वर्गीकरण गर्ने औपचारिक मापदण्ड नभएकोले सबैले आफूखुशी आफ्नो वर्गीकरण गर्ने गरेको तथ्यलाई दृष्टिगत गरी यस अभ्यासलाई नियमन गर्न राष्ट्रिय प्रसारण नियमावली, २०५२ मा संशोधन गरी प्रसारण संस्थाहरूको वर्गीकरण गरिनुपर्दछ;
- सञ्चार संस्थाहरूको प्रकाशन/प्रसारण क्षेत्र, सामग्री तथा कार्यक्रमको प्रारूप, जनशक्तिको अवस्था, समावेशीकरणको स्थिति समेतलाई ध्यानमा राखी अनुमतिपत्र वितरण/नवीकरण गर्दा नै वर्गीकरण उल्लेख गरिनुपर्दछ;
- सञ्चार माध्यमलाई तीन तहमा वर्गीकरण गर्नु उपयुक्त हुनेछ :
    - राष्ट्रिय सञ्चारमाध्यम :
        - देशको ५०% भन्दा बढी जनसङ्ख्यामा पुग्ने सञ्चार माध्यमलाई राष्ट्रिय सञ्चारमाध्यम भनी अनुमतिपत्र दिइनुपर्दछ;
        - राष्ट्रिय सञ्चारमाध्यमले देशको राजनैतिक, भौगोलिक, सांस्कृतिक र भाषिक चरित्रलाई समेट्नुपर्दछ;
        - राष्ट्रिय स्वरूप ग्रहण गर्ने मधेशी, महिला, आदिवासी/जनजाति, दलित, मुसलमान, अपाङ्गता भएका, पिछडिएका वर्ग, अल्पसङ्ख्यकलगायतका वर्ग र क्षेत्रलाई सम्बोधन गर्नुपर्दछ र सञ्चारगृहको सेवा, कार्यसम्पादन, कर्मचारी नियुक्ति तथा नीति निर्माणमा समावेशी शैली अवलम्बन गरेको हुनुपर्दछ;

- क्षेत्रीय/प्रान्तीय/समुदायगत सञ्चार माध्यम :
  - सेवा क्षेत्रभित्र प्रकाशन/प्रसारण पुग्नुपर्दछ;
  - क्षेत्रभित्रका सबै समुदायको संस्कृति, परम्परा र भाषालाई जनसङ्ख्याको हिसाबले समानुपातिक स्थान दिनुपर्दछ;
  - क्षेत्रभित्रका सबै समुदायको उचित प्रतिनिधित्व गराई समावेशीको धारणा अवलम्बन गरेको हुनुपर्दछ ।
- स्थानीय सञ्चारमाध्यम :
  - एउटा निश्चित भूगोलभित्र प्रकाशन/प्रसारण पुगेको हुनुपर्दछ;
  - लक्षित वर्ग र समूहको स्पष्ट पहिचान गरी उनीहरूको आवश्यकता र चाहना बमोजिम सामग्री प्रकाशन/प्रसारण गरेको हुनुपर्दछ;
  - सेवा क्षेत्रभित्रका समुदायको उचित प्रतिनिधित्व भएको हुनुपर्दछ;

### ३.९ सञ्चार माध्यमको समावेशीकरणका लागि प्रचलित कानुन, नीति तथा व्यवहारमा गरिनुपर्ने सुधार तथा परिमार्जन :

- नेपाली सञ्चार माध्यमसँग सम्बन्धित हाल प्रचलित नेपालका ऐन कानुन तथा नीतिहरू अध्ययन गरी तिनीहरूमा समसामयिक सुधारहरू गरिनुपर्दछ;
- नेपाली सञ्चार माध्यममा समावेशी अवधारणा लागू गर्नमा बाधा पुग्ने प्रावधानहरूलाई यथाशीघ्र संशोधन गरिनुपर्दछ ।

### ३.१० एफएम रेडियाहरुलाई ITU मा दर्ता वा आबद्ध गर्ने औचित्य र विधि :

- नेपालको सीमा क्षेत्रका भू भागमा स्थापित एफ.एम.रेडियोको फ्रिक्वेन्सी छिमेकी मुलुकका रेडियो स्टेशनहरूसँग जुध्ने सम्भावनालाई दृष्टिगत गरी त्यस क्षेत्रमा स्थापित रेडियोका फ्रिक्वेन्सीसम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयले आईटीयूसँग आवश्यक समन्वय गर्ने;

### ३.११ आयोगको प्रतिबेदन कार्यान्व्यन गर्न जिम्मेवार निकाय, सो को विधि तथा समयावधि :

- यस उच्चस्तरीय आयोगको सिफारिश कार्यान्वयनका क्रममा नेपाली सञ्चार माध्यमलाई समावेशी बनाउनका लागि विभिन्न कदमहरू परिचालन गर्नका लागि समावेशी अवधारणा अङ्गीकार गरेका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरू तथा सञ्चारविज्ञहरूको सहभागिता रहेको एक स्वतन्त्र निकाय गठन गरिनुपर्दछ । सो निकाय प्रतिबेदन बुझाएपछि बढीमा ३ महिना भित्र गठन भई सिफारिस बमोजिमको काम भए नभएको अनुगमन गर्ने तथा कार्यन्वयनका क्रममा देखिएको बाधा फुकाउन ।

अन्य :

- यस उच्चस्तरीय आयोगको सिफारिश कार्यान्वयनका क्रममा नेपाली सञ्चार माध्यमलाई समावेशी बनाउनका लागि विभिन्न कदमहरू परिचालन गर्नका लागि समावेशी अवधारणा

अङ्गीकार गरेका प्रतिनिधिमूलक संस्थाका प्रतिनिधिहरू तथा सञ्चारविज्ञहरूको सहभागिता रहेको एक स्वतन्त्र निकाय गठन गरिनुपर्दछ;

- पत्रकारितासम्बन्धी शिक्षा र अध्ययनलाई नै समावेशी गरिएमा मात्र निजी र सरकारी सञ्चारमाध्यममा समावेशीकरण सम्भव हुने भएकोले पत्रकारितासम्बद्ध शिक्षण संस्थाहरूमा समावेशी सञ्चार विषयक पाठ्यक्रम समावेश गरिनुपर्दछ;

- प्रत्येक जिल्लाका सञ्चारमाध्यमहरूको सर्वेक्षण गरी समावेशीकरणको अवस्था पत्ता लगाएर समावेशीकरण गर्न प्रोत्साहित गर्नुपर्दछ;

- सरकारका निकाय र कार्यालयहरूमा पत्रकार र सञ्चारकर्मीहरूको जीविका सुनिश्चित गर्न समावेशी आधारमा सूचना अधिकृत नियुक्त गरिनुपर्दछ;

- केन्द्रबाट नै समावेशी नीतिलाई कडाइका साथ अबलम्बन गर्नुपर्दछ;

- सरकारले तयार गर्ने सञ्चार माध्यमसम्बन्धी समावेशीकरण नीतिमा यस आयोगका सुझावहरूलाई समावेश गरिनुपर्दछ;

- नेपाल सरकारका मन्त्रालय, विभागहरू, सूचना आयोग तथा सञ्चार क्षेत्रसँग सम्बन्धित नेपाल पत्रकार महासङ्घलगायतका संस्थाहरूलाई समावेशीकरण गर्दै लगिनुपर्दछ;

- राज्यद्वारा प्रचार प्रसार गरिने सूचनाहरू मातृभाषामा प्रसारण गर्ने गराउने व्यवस्था गरिनुपर्दछ;

- सञ्चार माध्यमको दर्ता प्रक्रियामा नै समावेशीकरणसम्बन्धी प्रावधान राखिनुपर्दछ;

- अपाङ्गता भएका पत्रकारहरूलाई क्षमता अनुसार संलग्न गराउन प्राथमिकता दिइनुपर्दछ;

- नेपालको सिमा क्षेत्रमा स्थापित एफ.एम. रेडियोको फ्रिक्वेन्सी कुनै छिमेकी मुलुकहरुसंग जुध्ने सम्भावनालाई दृष्टिगत गरी त्यस क्षेत्रमा स्थापित रेडियोका फ्रिक्वेन्सी सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयले आईटीयूसँग आवश्यक समन्वय गर्ने;

- विभिन्न तालिम, भ्रमण, पुरस्कारलगायतका वृत्तिविकासका अवसरहरूबाट विभेदमा पारिएका समुदायका पत्रकारहरुलाई प्राथमिकताका साथ लाभान्वित गराउँदै लैजाने व्यवस्था गरिनुपर्दछ ।

## खण्ड ४

### ४. निष्कर्ष तथा सुझाबहरु

नेपालको अन्तरिम संविधानद्वारा प्रत्याभूति गरिएको सूचनाको हक र वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूति तथा व्यावहारिक अभ्यासका लागि सञ्चार माध्यमलाई समावेशीकरण गर्दै लानु निर्विकल्प रहेको विचार देशका विभिन्न स्थानमा गरिएका अन्तरक्रियाहरूमा समान रूपमा मुखरित भएका थिए । नेपालको राज्य संरचना र शासन व्यवस्थालाई समावेशी बनाउँदै सबै जाति, धर्म, भाषा, संस्कृति तथा लिङ्गलाई मूलप्रवाहमा ल्याउने लोकतान्त्रिक प्रतिबद्धता सञ्चार क्षेत्रमा समावेशीकरणको अभावमा पूर्ण हुने पनि देखिँदैन । राष्ट्रिय स्रोत साधन तथा अवसरमा समान पहुँच प्राप्त गरी समग्र समाजको विकासमा योगदान दिने वहुभाषिक, वहुजातीय तथा वहुसांस्कृतिक नेपाली समाजको चाहनालाई मूर्तरूप प्रदान गर्न तिनीहरूले सामना गरिरहेका वहुआयामिक विभेदलाई सम्बोधन गरिनुपर्दछ भन्ने अभिव्यक्तिलाई गम्भीरतापूर्वक लिनु र त्यसका लागि ठोस नीति तथा कार्यक्रम कार्यान्वयन गरिनु सिँगो राष्ट्रलाई एकताको सूत्रमा बाँध्नका लागि अपरिहार्य भएको छ ।

उच्चस्तरीय आयोगको आयोजनामा भएका अन्तरक्रियाहरूमा सञ्चार माध्यममा कार्यरत विभिन्न जाति तथा भाषाका सञ्चारकर्मीहरूका पीडा र असन्तोषहरू स्पष्ट रूपमा पोखिएका थिए । विशेष गरी सञ्चार माध्यमको व्यवस्थापन तथा उत्पादनमा सीमान्तीकृत भाषा, संस्कृति तथा जनसमुदायले उचित स्थान पाउन नसकेको गुनासो, सञ्चार संस्थाहरूमा हुने गरेको लैङ्गिक विभेद, मातृभाषाको विकासका लागि पर्याप्त अवसर तथा वातावरणको अभाव, मोफसलका पत्रकारहरू मूलप्रवाहमा आउन नसकेको घाउबारे व्यक्त गरिएका विचारहरूले नेपाली सञ्चार माध्यमलाई समावेशीकरण गर्नका लागि राष्ट्रले गम्भीरता अपनाउन ढिला भइसकेको सङ्केत गरेका थिए ।

समाजका सञ्चारलगायत विविध क्षेत्रको प्रतिनिधित्वयुक्त ती अन्तरक्रिया तथा विज्ञहरूसँग गरिएका परामर्शका आधारमा नेपालको सञ्चार क्षेत्रलाई समावेशी स्वरूप दिनका लागि निम्नलिखित सुधारका लागि सक्रियता अपनाउनुपर्ने देखिएको छ :

१. समावेशीकरणसम्बन्धी नीति निर्माण गरी त्यसलाई पूर्ण रूपमा पालना गरी नीति निर्माण तथा कार्य वातावरणमा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अपाङ्गता भएका तथा पछाडि पारिएका समुदायको समानुपातिक सहभागिता रहेका, वितरण/प्रसारण ५० प्रतिशतभन्दा बढी जनसङ्ख्या क्षेत्रमा पुगेका सञ्चार माध्यमलाई मात्र राष्ट्रियस्तरको सञ्चार माध्यमका रूपमा मान्यता प्रदान गर्नुपर्ने;

२. सरकारी सञ्चार माध्यमले विषयवस्तु र मानव संसाधनलाई थप समावेशी बनाउने क्रममा महिला, आदिवासी, जनजाति, दलित, मधेशी, मुस्लिम, अपाङ्गता भएका तथा पिछडिएका वर्गका राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक एवं लैङ्गिक विषयवस्तुलाई बढीभन्दा बढी स्थान दिनुका साथै समाचार कक्ष तथा समाचार कक्षामा पनि सम्बन्धित समुदायका सञ्चारकर्मीलाई बढीभन्दा बढी स्थान दिनुपर्ने;

३. सरकारी अनुदान तथा विज्ञापन वितरण गर्दा समावेशी मापदण्डहरू पूर्ण पालना गरेका सञ्चारमाध्यम, मातृभाषालाई प्रवर्द्धन गर्ने सञ्चार माध्यमलाई प्राथमिकतामा राखिनुपर्ने र यसका लागि सञ्चार समावेशी कोष स्थापना गरिनुपर्ने;

४. सरकारी सञ्चार माध्यमलाई सार्वजनिक सेवाको अवधारणा बमोजिम सञ्चालन गरी व्यवस्थापकीय नेतृत्व तहको नियुक्ति गर्दा महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका, विभेदमा परेका, उत्पीडित वर्गका सक्षम व्यक्तिलाई उच्च प्राथमिकता दिइनुका साथै निर्णायक तहको संरचनामा पनि विविध वर्गको प्रतिनिधित्व गराई समावेशी बनाइनुपर्ने र संस्थामा समावेशी संरचना स्थापित नभएसम्म जनशक्ति आपूर्ति गर्दा लोकसेवा आयोगको मापदण्ड अनुसार आरक्षणको व्यवस्थालाई अपनाइनुपर्ने;

५. निजी सञ्चार माध्यमका सामग्री तथा जनशक्ति व्यवस्थापनलाई थप समावेशी बनाउनका लागि प्रोत्साहित गर्न आवश्यक निर्देशन दिइनुका साथै अनुमतिपत्र वितरण तथा नवीकरणका क्रममा उक्त संस्था समावेशी हुनुपर्ने प्रावधान राखिनुपर्ने र समावेशी नीति अपनाउने निजी सञ्चार माध्यमलाई उपयुक्त सहुलियन/अनुदानको व्यवस्था गरिनुपर्ने;

६. पत्रकारिता क्षेत्रलाई थप समावेशी बनाउन वर्तमान प्रेस काउन्सिलको कार्यक्षेत्र विस्तार गरी समावेशी प्रकृतिको मिडिया काउन्सिल स्थापना गरी यसैमार्फत् समावेशीकरणसम्बन्धी नीति/मापदण्ड/आचारसंहिता तर्जुमा, कार्यान्वयन, अनुगमन तथा अनुदान वितरण कार्य सञ्चालन गरिनुपर्ने;

७. सञ्चारकर्मीको दक्षता अभिवृद्धिका लागि राष्ट्रिय पत्रकारिता प्रशिक्षण प्रतिष्ठानको स्थापना केन्द्र तथा विकास क्षेत्रहरूमा गरी महिला, आदिवासी/जनजाति, दलित, मधेशी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका, विभेदमा परेका, सीमान्तीकृत तथा पिछडिएका वर्गमा सञ्चार सीप विकास गर्न स्तरीय प्रशिक्षणहरू समावेशी पाठ्यक्रमका आधारमा सञ्चालन गरिनुपर्ने र यसको स्थायी आर्थिक स्रोतका लागि सञ्चार संस्था तथा प्रकाशनहरूको अनुमतिपत्र वितरण एवं नवीकरण शुल्कबाट निश्चित प्रतिशत छुट्याई कोष सिर्जना गरिनुपर्ने;

८. सञ्चार माध्यमहरूलाई समावेशी बनाउनका लागि अवरोध सिर्जना गर्ने कानुनी प्रावधानहरूमा संशोधन गरी ऐन कानुनलाई समावेशी सञ्चारमैत्री बनाउनुपर्ने;

९. विभिन्न सञ्चार माध्यमहरूमा भएका समावेशीकरणको नीतिलाई कार्यान्वयनको अनुगमनका लागि मानव संसाधनमा समावेशिता, प्रकाशन/प्रसारण सामग्रीमा समावेशितालाई मापन गर्ने स्तरीय मापदण्ड तर्जुमा गरिनुका साथै प्रणाली, विधि तथा संयन्त्र विकास गरिनुपर्ने;

१०. सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोगले प्रस्तुत गरेका सिफारिशहरू नीति तथा कार्यक्रममा प्रतिविम्बित नभएसम्मका लागि तदर्थ व्यवस्था गरिनुपर्ने;

११. पत्रकारितासम्बद्ध शिक्षण संस्थाहरूमा समावेशी सञ्चार विषयक पाठ्यक्रम समावेश गरिनुपर्ने;

१२. राज्यद्वारा प्रचार प्रसार गरिने सूचनाहरू मातृभाषामा प्रसारण गर्ने गराउने व्यवस्था गरिनुपर्ने;

## अनुसूची १ :

उच्चस्तरीय आयोगले संचार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी प्रारम्भिक मस्यौदा अवधारण तयार गरेर संचार क्षेत्रका विज्ञहरूसंग छलफल गरेको थियो । संचारक्षेत्रका विज्ञहरू, बरिष्ट पत्रकारहरू र सम्पादकहरूसंग गरेको समूहगत छलफलका सहभागीहरू:-

| | |
|---|---|
| १. लक्ष्मी विलास कोइराला | महानिर्देशक, सूचना विभाग |
| २. डा. प्रत्युस वन्त | संचार विज्ञ |
| ३. बबिता बस्नेत | सम्पादक, घटना र विचार साप्ताहिक |
| ४. मञ्चला झा | संचार विज्ञ |
| ५. खिम घले | पत्रकार |
| ६. सुरेश मानन्धर | पत्रकार |
| ७. सुकेश्वर पाठक | संचार विज्ञ |
| ८. कुमार भट्टराई | कार्यकारी प्रमुख, रियाज एफ.एम. |
| ९. गोपाल झा | कार्यकारी निर्देशक, हेडलाइन एण्ड म्युजिक एफएम |
| १०. राजेन्द्रदेव आचार्य | समाचार प्रमुख, नेपाल टेलिभिजन |
| ११. राजेश मिश्र | पत्रकार |
| १२. तपनाथ शुक्ल | संचार विज्ञ |
| १३. मिनबहादुर शाही | अध्यक्ष, सामुदायिक रेडियो प्रसारक संघ |
| १४. दिपेन्द्र बान्तवा | पत्रकार |
| १५. सोमेश वर्मा | पत्रकार |
| १६. निर्मला शर्मा | अध्यक्ष, संचारीका समूह |
| १७. उपेन्द्र अर्याल | संचार विज्ञ |
| १८. विनोद भट्टराई | संचार विज्ञ |
| १९. आर. के. श्रेष्ठ | अध्यक्ष, रेडियो ब्रोडकास्टर्स फोरम नेपाल |
| २०. कुमार शाह | अध्यक्ष, क्रान्तिकारी पत्रकार महासंघ |
| २१. गोविन्द आचार्य | अध्यक्ष, न्यूनतम पारिश्रमिक निर्धारण समिति |
| २२. दिनेश्वर गुप्ता | पत्रकार |
| २३. देवेन्द्र गौतम | अध्यक्ष, सम्पादक समाज नेपाल |
| २४. विजय वर्मा | पत्रकार |

## अनुसूची २

**अध्ययनमा सहभागी छापा तथा विद्युतीय संचार माध्यम र संघसंस्थाहरूः-**

१. कान्तिपुर दैनिक
२. काठमाडौ पोष्ट दैनिक
३. गोरखापत्र दैनिक
४. नागरिक दैनिक
५. रिपब्लिका दैनिक
६.अन्नपूर्ण पोष्ट दैनिक
७. द हिमालयन टाइम्स
८. समाचार पत्र
९. नयाँ पत्रिका
१०. सौर्य दैनिक
११. अभियान दैनिक
१२. कारोबार दैनिक
१३. राजधानी दैनिक
१४. जनआस्था साप्ताहिक
१५. नेपाल साप्ताहिक
१६. मूल्याँकन मासिक
१७. मधुपर्क
१८.शुक्रबार साप्ताहिक
१९.कान्तिपुर साप्ताहिक
२०. हिमाल पाक्षिक
२१. देशान्तर साप्ताहिक
२२. दृष्टि साप्ताहिक
२३.द राइजिङ नेपाल देनिक
२४.घटना र बिचार साप्ताहिक
२५. मधेस बाणी साप्ताहिक
२६. युवा मञ्च मासिक
२७. प्रो पब्लिक जनहित मञ्च
२८. मधेस मिडिया हाउस
२९. सञ्चारिका समूह
३०. नेपाल पत्रकार महासंघ
३१. नेपाल वातावरण पत्रकार समूह
३२. नेपाल प्रेस यूनियन
३३. पत्रकारिता विकास समाज
३४. प्रेस चौतारी नेपाल
३५. फ्रिडम फोरम
३६. राष्ट्रिय प्रेस क्लब नेपाल

## अनुसूची ३ :

खण्ड क

सुझाव संकलनका क्रममा देशभरका चार क्षेत्रमा क्षेत्रीय सुझाव संकलन गोष्ठीहरूको आयोजना भएको थियो । यसक्रममा २०६९ माघ २१ गते सुनसरीको इटहरीमा सम्पन्न पूर्वाञ्चलस्तरीय गोष्ठीका सहभागीहरू:-

१. अनिल कुमार अनल
२. हर्ष सुब्बा
३. सन्जय सन्तोषी राई
४. भवानी बराल
५. शालिग्राम पाण्डे
६. लक्ष्मी दर्नाल
७. गणेश परियार
८. कुमार भट्टराई
९. विक्रम लुइटेल
१०. राजकुमारी चौधरी
११. गीता मलिक
१२. सचिन पोखेल
१३. उद्धब तिम्सिना
१४. दुर्गा परियार
१५. मनिता चाम्लिङ
१६. सीता मादेम्बा
१७. गंगा पौडेल (बराल)
१८. निलिफा सुब्बा
१९. आशिष विश्वकर्मा
२०. रणध्वज लोहार
२१. उपेश सुन्चेउरी
२२. नवीन गुरुङ
२३. सुविद गुरागाईं
२४. हेमराज दाहाल
२५. दिपक कार्की
२६. विवेक भट्टराई
२७. विष्णु अधिकारी
२८. विनोद घिमिरे
२९. सन्तोष यादव
३०. सोमनाथ बास्तोला
३१. विमला दियाली
३२.पी बी दियाली
३३. इन्द्रजीत मुखिया
३४. गणेश पोखरेल
३५. विशाल नेम्बाङ
३६. याम प्रधान
३७. धनबहादुर पुरी
३८. केशब घिमिरे
३९. हरिबहादुर लम्जेल
४०. मोहन बान्तवा
४१. बैधनाथ झा
४२. धीरेन्द्र प्रसाद साह
४३. विनय कुमार लाल कर्ण
४४. सुरेन्द्रप्रसाद गुप्ता
४५. निर्मला दाहाल
४६. सुधा देव
४७. ब्यासशंकर उपाध्यय
४८. महेन्द्र सदा
४९. पदम अधिकारी
५०. सुष्मा बुढाथोकी
५१. विकास दाहाल
५२. उमेश कुमार मेहता
५३. टोमराज मेहता
५४. ओम प्रकाश साह
५५. एकवाल अहमद
५६. प्रमोद यादव
५७. अनबर हुसेन
५८. अमर खड्का
५९. लेखराज खवास

## अनुसूची ३ :

खण्ड ख

**मिति २०६९ माघ २० गते जनकपुरमा आयोजना भएको गोष्ठीका सहभागीहरूः-**

१. राम आषिश यादव
२. पृथराज कटुवाल
३. धैर्यकान्त दत्ता
४. धर्मेन्द्र कुमार झा
५. अजयकुमार झा
६. कमल शाह
७. उमेश कुमार यादव
८. अजय अनुरागी
९. कासिन्द्र कुमार शर्मा
१०. राम एक्बल महरा
११. विरेन्द्र कर्ण
१२. नित्यनन्द मण्डल
१३. शैलेन्द्र कुमार महतो
१४. गोविन्द महतो
१५. राकेश चौधरी
१६. दशरथ भण्डारी
१७. संजीत कुमार मण्डल
१८. इश्वरी पौडेल
१९. जयशंकर नाथ झा
२०. बीरेन्द्र रमण
२१. दिपक कर्ण
२२. निगु झा
२३. अश्विनी झा
२४. श्याम सुन्दर शशी
२५. नगेन्द्र कुमार कर्ण
२६. हरिश खुदुदार
२७. राजकमल सिंह
२८. राजन कुमार सिंह
२९. देवानन्द मेहता (देव)
३०. राकेश कुमार कर्ण
३१. किरण कुमार कर्ण
३२. ध्रुव कुमार झा
३३. गोपलप्रसाद बराल
३४. सुभाष कर्ण
३५. आतिष कुमार मिश्र
३६. बटुकनाथ झा
३७. मनिका झा
३८. सुरेश यादव
३९. अर्जुन क्षेत्री
४०. रामभरत साह
४१. राजेन्द्र झा
४२. राजेश्वर नेपाली
४३. घनश्याम कुमार मिश्र
४४. प्रविण शाह
४५. सुजीत कुमार दास
४६. संजीव मण्डल
४७. उपेन्द्रभगत नागवंशी
४८. बृजेश यादव
४८. विनय कुमार
४९. जय शंकरनाथ झा
५०. शैलेन्द्र झा
५१. नवल
५२. बृजकुमार यादव
५३. लक्ष्मण यादव
५४. इश्वर चन्द्र झा
५५. रुपक हमाल
५६. संजीव बिक्रम
५७. सुरक्षा कर्ण
५८. विनोद यादव
५९. कमल कर्ण
६०. नेहा झा

## अनुसूची ३ :

खण्ड ग

**मिति २०६९ माघ २० गते नेपालगन्जमा आयोजना भएको गोष्ठीका सहभागीहरू:-**

१. आलोक तिवारी
२. नवराज अर्याल
३. धर्मेन्द्र कर्ण
४. मनोज यादव
५. जगदीश ब. सिंह
६. स्वामी दयाल गुप्ता
७. राधेश्याम कुर्मी
८. माधव राम बर्मा
९. मोहम्मद आयतुल्लाहमान
१०. अजय कुमार गुप्ता
११. पूर्णलाल चुके
१२. उषा थापामगर
१३. हरि ब. खत्री
१४. शुकश्रीष चौलागाई
१५. रुद्र सुवेदी
१६. जनक नेपाल
१७. निरज पोखरेल
१८. अशफाक जसगा संघर्ष
१९. जयसिंह केसी
२०. विश्वजीत तिवारी
२१. रामसिंह सोनी
२२ं राकेश कुमार मिश्र
२३. पन्नलाल गुप्ता
२४. रामगोपाल वैद्य
२५. बिष्णुलाल कुमाल
२६. नरेन्द्र थापा
२६. झलक गैरे
२७. आशिष कुमार गुप्ता
२८. पशुपति दयाल मिश्र
२९. बद्रीप्रसाद गुप्ता
३०. लल्लन प्रसाद श्रीवास्तव
३१. रहिस अहमद सिद्धिकी
२३. निरज गौतम
३३. बालकृष्ण ओली
३४. हेमन्त चौधरी
३५. अक्षरी पोखरेल
३६. चन्दा सिंह
३७. सन्ध्या शर्मा
३८. राजेन्द्र शर्मा
३९. सौरभ सिंह
४०. विनय दीक्षित
४१. कृष्ण अधिकारी
४२. नरेन्द्र सिंह
४३. पवन जायलवाल
४४. जनक यादव
४५. तोफा यादव
४६. आलोक मिश्रा
४७. मोहमद हारुन
४८. अशोक कुमार यादव
४९. डक्टप्रसाद यादव
५०. तिलक बहादुर नेपाली
५१ं. गिरिवर अग्रवाल
५२. रामचन्द्र सिंघल
५३.विजय कुमार गुप्ता
५४. कृपाराम वाडिया
५५. सुर्यलाल यादव
५६. शिरीष उपाध्याय
५७. डा. राजेन्द्र गुप्ता
५८. जगु यादव
५९. सचितानन्द चौवे
६०. इन्द्रजीत तिवारी
६१. संजय कनोडिया
६२. राधेशयाम झा
६३. दिपा आले
६४. ठाकुर सिंह व्यास
६५. शतिस अग्रवाल
६६. अल्पना वैश्य
६७. पंकज पाण्डे

## अनुसूची ३

खण्ड घ

**मिति २०६९ फागुन २ गते काठमाडौमा आयोजना भएको गोष्ठीका सहभागीहरू:-**

१. सुशील कुमार ओझा
२. यशोदा अधिकारी
३. चक्रविक्रम विश्वकर्मा
४. टंक पन्त
५. कोमल बराल
६. मनिषा घिमिरे
७. मन्जु मिश्र
८. दीपक श्रेष्ठ
९. बृजकुमार यादव
१०. सुरेश कुमार कार्की
११. आलोक कुमार तिवारी
१२. प्रबिण चौधरी
१३. बी पी शाह
१४. विक्रम मणि त्रिपाठी
१५. संतोष कुमार चौधरी
१६. आनन्दराम पौडेल
१७. मनोज कुमार बच्चन
१८. दिग्विजय मिश्र
१९. भोला पासवान
२०. राजकुमार पासवान
२१. चन्द्र बानिया
२२. सुरेन्द्र कुमार महतो
२३. दिलिप कुमार महर्जन
२४ अमर सुनार
२५. दिनेश पोखरेल
२६. लक्ष्मण भुषाल
२७. डण्ड गुरुङ
२८. शुभेच्छा विन्दु तुलाधर
२९. मोहन सिंह लामा
३०. लक्की चौधरी
३१. नारायण प्रसाद न्यौपाने
३२. गजुरधन राई
३३. रविनप्रसाद थपलिया
३४. पुरुषोत्तम घिमिरे
३५. सुरेश प्रसाद आचार्य
३६. प्रदिप चापागाँई
३७. गोविन्द शाह
३८. मोहन कुमार सिंह
३९. रेम बहादुर विश्वकर्मा
४०. बाबुराम विश्वकर्मा
४१. शिरिष उपाध्याय
४२. रेणुका कार्की
४३. धर्मेन्द्र कर्ण
४४. अमरेन्द्र यादव
४५. अमिका राजथला
४६. मनोज यादव
४७. तपनाथ शुक्ला
४८. यज्ञमूर्ति भण्डारी
४८. विरेन्द्र के एम
४९. ज्ञानेन्द्र खड्की

सञ्चार माध्यमहरुलाई समानुपातिक र समावेशी बनाउनु पर्ने एवं तिनीहरुले आफ्ना समाचार तथा कार्यक्रमहरुमा मधेसका मुद्दाहरुलाई उचित स्थान दिनुपर्ने सम्बन्धी विभिन्न मागहरु राखी मधेससँग सम्बन्धित सञ्चार क्षेत्रका विभिन्न संघ सँस्थाहरुले सञ्चालन गरेको रिले अनसनका सम्बन्धमा सूचना तथा सञ्चार मन्त्रालयले लिखित रुपमा वार्ताको आव्हान गरे बमोजिम आज मिति २०६९।४।१५ का दिन मा. सूचना तथा सञ्चार मन्त्रीज्यूको उपस्थितिमा सूचना तथा सञ्चार मन्त्रालयमा वार्ता भइ देहायका विषयमा देहाय बमोजिम गर्ने र आन्दोलनकारी पत्रकारहरुको जारी रिले अनसन पनि समाप्त गर्ने सहमति भयो ।

१. मागपत्रमा उठाइएका समस्याको पहिचान गरी ती समस्याहरुको समाधानको निमित्त सम्बन्धित कानुन, नीति तथा व्यवहारमा गर्नुपर्ने सुधारबारे प्रतिवेदन पेश गर्न नेपाल सरकार (म.प.) बाट देहाय बमोजिमको एक "सञ्चार माध्यमलाई समावेशीकरण गर्ने सम्बन्धी उच्चस्तरीय आयोग" को गठन गरिनेछ:-

| | | |
|---|---|---|
| १. | श्री मोहनकुमार सिंह, अध्यक्ष, मधेशी पत्रकार समाज नेपाल | संयोजक |
| २. | श्री सुनिलरञ्जन सिंह, वरिष्ठ उपाध्यक्ष, मधेशी पत्रकार समाज नेपाल | सदस्य |
| ३. | श्री राजेश अहिराज, अध्यक्ष, मधेश मेडिया हाउस | सदस्य |
| ४. | श्री वीरेन्द्र के.एम., सम्पादक, न्युज अपरेशन | सदस्य |
| ५. | श्री गोविन्दा साह, सम्वाद्दाता, एजुकेशनल पेजेज | सदस्य |
| ६. | प्रधिनिधि, नेपाल पत्रकार महासंघ | सदस्य |
| ७. | प्रतिनिधि, एकोर्‍याव | सदस्य |
| ८. | प्रतिनिधि, वान | सदस्य |
| ९. | प्रतिनिधि, मिडिया सोसाइटी | सदस्य |
| १०. | सरकारी समाचार माध्यमको तर्फबाट मन्त्रालयले तोकेको व्यक्ति | सदस्य |
| ११. | प्रतिनिधि, अर्थ मन्त्रालय | सदस्य |
| १२. | प्रतिनिधि, कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| १३. | उपसचिव, सूचना तथा सञ्चार मन्त्रालय | सदस्य सचिव |

२. आयोगको कार्यावधि काम शुरु गरेको मितिले ४५ दिनको हुनेछ ।

३. आयोगको कार्यक्षेत्र (Terms of Reference, TOR) देहाय बमोजिम तोकिनेछ:-

क. राष्ट्रियस्तरको सञ्चार माध्यम हुनको लागि के कस्तो शर्त वा मापदण्ड पूरा गर्नुपर्ने हो ?

ख. सरकारी क्षेत्रबाट सञ्चार माध्यमहरुलाई दिइने अनुदान सामुदायिक उपस्थिति र क्षेत्रीय आवश्यकताको आधारमा र मधेसी, दलित, आदिबासी, जनजाति, महिला तथा पिछडिएको

क्षेत्रमा केन्द्रित हुने गरी वितरण गर्न के कस्तो मापदण्ड निर्धारण गर्ने र सो को अ
व्यवस्था कसरी गर्ने ?

ग. सरकारी सञ्चार माध्यमको विषयवस्तु (content) र समाचार संप्रेषण (covera
कसरी थप समावेशी बनाउन सकिन्छ ?

घ. सरकारी समाचार माध्यमको व्यवस्थापकीय नेतृत्वलाई कसरी अझ बढी समावेशी
सकिन्छ ?

ङ. निजी सञ्चार माध्यमका समाचार, कार्यक्रम र जनशक्ति व्यवस्थापनलाई कसरी
बनाउन सकिन्छ ?

च. पत्रकारिता क्षेत्रलाई थप समावेशी बनाउने कुरामा प्रेस काउन्सिलको कस्तो भू
सक्छ ?

छ. सबै क्षेत्रका सञ्चारकर्मीको दक्षता अभिबृद्धिको लागि "सञ्चार तालिम केन्द्र" स्थ
के कस्तो प्रकृया अपनाउनु उपयुक्त हुन्छ र त्यसको सांगठनिक अवस्था तथा व
कस्तो हुनु पर्दछ ?

ज. एफ.एम. रेडियोहरुलाई ITU मा कुनै किसिमले दर्ता वा आबद्ध गर्न सकिने न
सकिने भए सो को औचित्य र विधि ।

झ. माथिका कुराहरु कार्यान्वयन गर्न प्रचलित कानुन, नीति तथा व्यवहारमा के कस्तो
परिवर्तन आवश्यक हुन्छ ?

ट. सञ्चार माध्यमको वर्गीकरण, नवीकरण र समावेशी बनाउने सम्बन्धमा के कस
वा नीतिगत व्यवस्था हुनु आवश्यक छ ?

ठ. आयोगले आफ्नो प्रतिवेदनमा सुझाव कार्यान्वयन गर्न जिम्मेवार निकाय, सो को
समय तालिका समेत समावेश गर्नेछ ।

ड. आयोगले आफ्नो प्रतिवेदन सूचना तथा सञ्चार मन्त्रालय मार्फत नेपाल
बुझाउने छ र सो प्रतिवेदन नेपाल सरकारले तत्काल कार्यान्वयन एवं सार्वजनिव

४. आयोगका संयोजक तथा सदस्यहरुले नेपाल सरकारले तोके बमोजिमको भत्ता त
पाउनेछन् । आयोगको सचिवालय सूचना तथा सञ्चार मन्त्रालयमा रहनेछ ।

५. देशका सबै वर्ग, क्षेत्र, लिंग र समुदायका विषयवस्तुलाई आफ्ना प्रकाशन, सम
कार्यक्रममा उचित स्थान दिन सबै सरकारी समाचार माध्यमलाई मन्त्रालयले आवश्य
दिनेछ ।

६. विद्युतीय सञ्चार माध्यममा कुनै पनि वर्ग वा समुदायलाई होँच्याउने किसिमका व
सामाग्री प्रसारण नगर्न मन्त्रालयले सम्बन्धित सबैलाई आवश्यक निर्देशन दिनेछ र त्यस
भएमा गुनासो सुन्ने सम्बन्धमा छुट्टै संयन्त्रको व्यवस्था गर्नेछ ।

७. सूचना तथा सञ्चार मन्त्रालय अन्तर्गतका सँस्थान, समिति, आयोग आदिमा कर्मचारी पदपूर्ति गर्दा अनिवार्य रुपमा लोकसेवा आयोगबाट अपनाइएको सिद्धान्तको पालना गर्नुपर्नेछ ।

**आन्दोलनकारी पत्रकारहरुको तर्फबाट**

१. मोहनकुमार सिंह
२. सुनिलरञ्जन सिंह
३. वीरेन्द्र के.एम.
४. मनोज यादव
५. गोविन्दा साह
६. वी.पी. साह
७. इश्वरी सिंह
८. कमल मण्डल Kamal
९.
१०.
११.

**मन्त्रालयको तर्फबाट**

१.मा. श्री राजकिशोर यादव, मन्त्री, सूचना तथा सञ्चार

२. श्री लक्ष्मणकुमार पोखरेल, नि. सचिव, सूचना तथा सञ्चार मन्त्रालय